कामपाको प्रवक्तामा मानन्धर | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ६० • २०७९ साल साउन ३ गते मंगलबार (19 July, Tuesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अघि बढ्यो

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण प्रक्रिया अघि बढाउने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले निजगढ विमानस्थल अघि बढाउने निष्कर्ष निकाल्दै त्यसका लागि आवश्यक प्रक्रिया अघि बढाएको हो ।

निजगढ विमानस्थलका सम्बन्धमा सर्वोच्च अदालतको अन्तिम फैसलापछि निर्माण प्रक्रिया अघि बढाउन विज्ञ समिति गठन गरेर थप अध्ययन गरी उपयुक्त स्थानमा विमानस्थल बनाउने गरी अघि बढिने मन्त्रालयले जनाएको छ । उक्त विमानस्थल निर्माण अघि बढाउनका लागि प्राधिकरणको बोर्ड बैठकले विज्ञ समिति गठन गर्ने निर्णय गरेको छ । पर्यटन मन्त्रालयले केही दिनभित्रै मन्त्रिपरिषद्मा उक्त प्रस्ताव लगेर विभिन्न विज्ञहरुको समितिलाई पूर्णता दिइने र सो समितिको प्रतिवेदनका आधारमा विमानस्थल निर्माण अघि बढाइने मन्त्रालयले जनाएको छ ।

सङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिको आजको बैठकमा पर्यटनमन्त्री जीवनराम श्रेष्ठले सर्वोच्च अदालतको फैसलाको सम्मान गर्दै विज्ञहरुबाट थप अध्ययन गरी कमभन्दा कम वातावरणीय क्षति हुने गरी निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिने बताए । उनले भने-'निजगढ विमानस्थल राष्ट्रिय गौरवको आयोजना भएको र नेपालको पर्यटन क्षेत्रको विकासका लागि अपरिहार्य आयोजना हो । यो देशको अर्थतन्त्रमा 'गेमचेन्जर' परियोजना भएकाले मन्त्रालयले उच्च प्राथमिकता दिएर सर्वोच्चको फैसलाअनुरूप निर्माण प्रक्रिया अघि बढाएका हौँ । फैसलाको विज्ञहरुबाट थप अध्ययन गराई आवश्यक निर्णय लिन्छौँ ।'

राष्ट्रिय गौरवको आयोजनाका रूपमा सूचीकृत निजगढ विमानस्थल निर्माणका लागि प्रारम्भिक चरणमा रु एक खर्ब २० अर्ब लाग्ने अनुमान गरिएको छ । प्राधिकरणले यो परियोजनाको विस्तृत डिजाइन कार्य गरिरहेको छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा निर्माण मोडालिटीसम्बन्धी सिफारिस समितिले आवश्यक काम गरिरहेको छ । हालसम्म निजगढ विमानस्थलको नाममा आठ हजार ५० हेक्टर जग्गा अधिग्रहण गरिनुका साथै परियोजनाका लागि प्राधिकरणले तीन अर्ब खर्च गरिसकेको छ । परियोजनासँग जोडिएको द्रूत मार्गमा सरकारले रु दुई खर्ब लगानी गरिसकेको छ ।

समितिका सभापति पवित्रा निरौला (खरेल) ले नेपालको विकास र आर्थिक समृद्धिका लागि महत्वपूर्ण आयोजना निजगढ विमानस्थल निर्माण प्रक्रिया शीघ्ररूपमा अघि बढाइनुपर्ने बताए । उनले विगत २७ वर्षदेखि चर्चामा रहेको र धेरै विज्ञहरुले उपयुक्त ठहऱ्याएको निजगढ विमानस्थल निर्माणका लागि सर्वोच्चको पूर्ण फैसलालाई आत्मसात गर्दै कानून, न्याय तथा संसदीय मामिलामन्त्रीसँग छलफल गरी समितिले आवश्यक निर्णय लिने जानकारी दिए ।

हालै प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्तारूढ दलका शीर्ष नेताहरुले निजगढ विमानस्थलको स्थलगत अवलोकन गरी विमानस्थल निर्माण प्रक्रिया अघि बढाउन र दुई लेनको धावनमार्गसहितको अत्याधुनिक विमानस्थल निर्माण प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए ।

निजगढ विमानस्थलको कार्य प्रगति र आगामी योजनाबारे सङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिले सोमबार पर्यटनमन्त्री र प्राधिकरणका महानिर्देशकसँग निजगढ विमानस्थलको अवस्था र अबको कार्यदिशाबारे जानकारी लिएको हो । बैठकमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले निजगढ विमानस्थल निर्माणका लागि सर्वोच्च अदालतले बाटो खोलिदिएको भन्दै मन्त्रालय र मातहत निकायले अलमल नगरिकन निर्माण प्रक्रिया अघि बढाइनुपर्ने धारणा राखे । उनले हालै प्रधानमन्त्रीसहित पूर्वप्रधानमन्त्री लगायत नेताहरुले निजगढ विमानस्थलको अवलोकन गरी स्थानीय सरकार र सरोकारवालासँग छलफल गरेको तथा प्रधानमन्त्रीले दुई लेनसहितको विमानस्थल बनाउन निर्देशन दिइसकेकाले आयोजना अघि बढाउन बिलम्ब गर्न नहुने उल्लेख गरे ।

प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले सर्वोच्च अदालतको अन्तिम फैसलाले निजगढ विमानस्थल निर्माणको हालसम्मको प्रक्रिया बदर गरेको र विज्ञ समिति गठन गरेर थप अध्ययन गरी उपयुक्त स्थानमा विमानस्थल बनाउन सन्देश दिएको जानकारी दिए । उनका अनुसार अदालतको आदेशअनुरूप प्राधिकरण बोर्ड बैठकले विज्ञ समिति गठन गर्ने निर्णय गरिसकेको छ । उक्त समितिमा रहने विज्ञहरुको नाम केही दिनभित्रै मन्त्रिपरिषद्मा पेश गरी समितिलाई पूर्णता दिइनेछ । उक्त समितिको अध्ययन प्रतिवेदनका आधारमा विमानस्थलको आगामी रणनीति तयार गरिने महानिर्देशक अधिकारीको भनाइ छ ।

## प्रदेश र संघको चुनावमा पनि गठबन्धनलाई निरन्तरता दिने कांग्रेसको निर्णय

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसले आमनिर्वाचनमा पनि पाँच दलीय गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको छ । कांग्रेसको केन्द्रीय समितिको बैठकले पाँच वर्ष स्थिर सरकार दिनका लागि गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको हो ।

'वैशाख ३० मा सम्पन्न स्थानीय निर्वाचनबाट पहिलो दल बनेको नेपाली कांग्रेसलाई प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा स्पष्ट बहुमततर्फ लक्षित गराउँदै संविधानको रक्षा लोकतन्त्रको थप सुदृढीकरण गर्दै जनताको समुन्नतिको सपनालाई स्थिर सरकारमार्फत सम्बोधन गर्नका लागि केन्द्रीय कार्यसमितिको यो बैठक सत्ता गठबन्धनसँग संवाद गरी चुनावी तालमेल गरेर अघि बढ्ने निर्णय गर्दछ,' बैठकको निर्णयमा भनिएको छ,' यसरी गठबन्धनमा रहेका दलहरूका बीचमा तालमेल गर्दा संविधानको कार्यान्वयन, आर्थिक सामाजिक रुपान्तरण र वैदेशिक सम्बन्धलगायतका विषयमा न्यूनतम साझा धारणा निर्माण गर्दै आम नेपाली जनतालाई पाँच वर्षमा स्थिर सरकारमार्फत जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने स्पष्ट कार्यक्रमको खाकासहित आमनिर्वाचनमा नेपाली कांग्रेस प्रस्तुत हुनु पर्दछ भन्ने ठहर यो बैठक गर्दछ ।'

बैठकवाट पार्टी उपसभापति एवं स्थानीय तह निर्वाचन केन्द्रीय परिचालन समितिका संयोजक पूर्णबहादुर खड्काद्वारा केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत 'स्थानीय तह निर्वाचन केन्द्रीय परिचालन समितिको प्रतिवेदन' र पार्टी प्रवक्ता एवं स्थानीय तह निर्वाचन केन्द्रीय प्रचार-प्रसार समितिका संयोजक डा. प्रकाशशरण महतद्वारा प्रस्तुत 'स्थानीय तह निर्वाचन केन्द्रीय प्रचार-प्रसार समितिको प्रतिवेदन' उपर केन्द्रीय कार्यसमितिको बैठकबाट प्राप्त सुझावलाई समावेश गर्ने गरी उक्त दुबै प्रतिवेदनहरुलाई अनुमोदन गर्ने निर्णय गरेको छ ।

त्यस्तै सदस्यता व्यवस्थापन केन्द्रीय समिति, केन्द्रीय अनुशासन समिति र केन्द्रीय लेखा समिति पनि गठन गरेको छ । नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ४(९)(क) बमोजिम पार्टी सभापति शेरबहादुर देउवाद्वारा तोकिएका पार्टीका महामन्त्री गगनकुमार थापा संयोजक रहने सदस्यता व्यवस्थापन केन्द्रीय समिति' गठन गर्ने, नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ३४(७) बमोजिम केन्द्रीय सदस्य आनन्दप्रसाद ढुंगानाको संयोजकत्वमा 'केन्द्रीय अनुशासन समिति' गठन गर्ने निर्णय गरेको छ ।

त्यस्तै नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ३८(१) बमोजिम पार्टी सभापति शेरबहादुर देउवाद्वारा प्रस्ताव गरेका पार्टी केन्द्रीय कार्यसमितिका सदस्य श्यामकुमार घिमिरे संयोजक रहेका 'केन्द्रीय लेखा समिति' गठन गर्ने, सभापतिले आवश्यक परामर्श गरी उपरोक्त समितिहरुलाई पूर्णता प्रदान गर्ने निर्णय गरेको छ ।

त्यस्तै नयाँ भ्रातृ संघ एवं शुभेच्छुक संस्थाको मान्यता सम्बन्धमा बैठकका नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ४२(१)(क) बमोजिम (१) नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ (२) नेपाल थारु संघ (३) नेपाल लोकतान्त्रिक खेलकूद संघलाई नेपाली कांग्रेसको भ्रातृ संघको मान्यता प्रदान गर्ने, यस अघि नै पार्टीको भ्रातृ संघको रुपमा मान्यता प्राप्त गरिसकेका (१) नेपाल राष्ट्रिय मगर संघ, र (२) नेपाल तामाङ संघ तथा शुभेच्छुक संस्थाको रुपमा मान्यता प्राप्त गरिसकेका नेपाल लोकतान्त्रिक शेर्पा संघ, नेपाल कुमाल संघ र लोकतान्त्रिक नेवाः खल, नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ अन्तर्गत आवद्ध संघको रुपमा रहनेछन् । आदिवासी जनजाति भित्र रहेका अन्य जातजातिहरु (थारू बाहेक) को आवद्ध संघ महासंघले गठन गर्न सक्नेछ ।

नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ४२(२)(क) बमोजिम (१) नेपाल लोकतान्त्रिक निर्माण व्यवसायी संघ, (२) नेपाल लोकतान्त्रिक यातायात व्यावसायी संघ, (३) नेपाल लोकतान्त्रिक उद्योग वाणिज्य संघ, (४) नेपाल लोकतान्त्रिक पर्यटन व्यावसायी संघ, (५) नेपाल लोकतान्त्रिक संस्थागत तथा निजी विद्यालय शिक्षक संघ, (६) नेपाल लोकतान्त्रिक आर्युवेद चिकित्सक संघ, (७) नेपाल लोकतान्त्रिक साना होटल व्यावसायी संघ, (८) नेपाल लोकतान्त्रिक भूतपूर्व प्रहरी संघ, (९) नेपाल लोकतान्त्रिक भूतपूर्व कर्मचारी संघ, (१०) नेपाल स्वास्थ्यकर्मी संघ, (११) नेपाल सामुदायिक विद्यालय कर्मचारी संघलाई नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको मान्यता प्रदान गर्नेछ ।




नेपाल आदिवासी जनजाति संघका विद्यमान संरचनाहरु स्वतः निष्क्रिय हुनेछन् । पार्टीबाट मान्यता प्राप्त उल्लेखित भ्रातृ संघ र शुभेच्छुक संस्थाको विधानलाई आवश्यक परिमार्जन गरी केन्द्रले अन्तिम रूप प्रदान गर्ने जनाइएको छ। अवधि समाप्त भएर गठन हुन बाँकी रहेका र पूर्णता प्राप्त नगरेका पार्टी आवद्ध भ्रातृ संघलाई यही साउन मसान्तभित्र गठन र पूर्णता प्रदान गर्ने जनाइएको छ ।

नेपाली कांग्रेसको आगामी 'नीति महाधिवेशन' का सम्बन्धमा आवश्यक तयारी गरी केन्द्रीय कार्यालयले केन्द्रीय कार्यसमितिको आगामी बैठकमा प्रस्ताव प्रस्तुत गर्नेछ । स्थानीय तहमा नेपाली कांग्रेस पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुका लागि आचार संहिता जारी गरी केन्द्रले लागू गर्ने जनाइएको छ । भदै २ देखि २४ गतेसम्म राष्ट्रव्यापी रुपमा विशेष अभियान चलाउने बैठकले निर्णय गरेको छ ।

नेपाली जनसम्पर्क समिति साइप्रसबाट पार्टी विधान बमोजिम तोकिएको रकम र आवश्यक कागजात सहित प्राप्त हुन आएका क्रियाशील सदस्यताको नामावली जम्मा ५०१ (नवीकरण १३० र नयाँ ३७१) लाई स्वीकृत गर्नेसमेत निर्णय गरेको छ । बैठकवाट नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारले स्थानीय निर्वाचन व्यवस्थित र निष्पक्ष रुपले एकै चरणमा सम्पन्न गराएकोमा केन्द्रीय कार्यसमितिको यो बैठक प्रधानमन्त्री शेरबहादुर देउवा र उनका मन्त्रीपरिषदको उच्च कदर गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय समेत गरेको छ । साथै, यो बैठक निर्वाचन आयोग, निर्वाचनमा खटिएका कर्मचारी एवं सम्पूर्ण सुरक्षा निकाय, संचार क्षेत्र लगायत सबैको मेहनत र दक्षताको उच्च प्रशंसा गरेको जनाइएको छ ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा स्थानीय अवस्था र आवश्यकताका आधारमा पाँच दलीय गठबन्धनमा सहभागी हुने निर्णय पार्टीले गरेको थियो । यही निर्णयका आधारमा कतिपय स्थानीय तहमा गठबन्धन सहित हामीले निर्वाचनमा भाग लियौं । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको यो बैठक समग्रमा गठबन्धन सहित प्राप्त परिणामप्रति सन्तोष रहेको ठहर गरेको छ ।

बैशाख ३० मा सम्पन्न स्थानीय निर्वाचनबाट पहिलो दल बनेको नेपाली कांग्रेसलाई आसन्न प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचनमा बहुमत तर्फ लक्षित गराउँदै संविधानको रक्षा र लोकतन्त्रको थप सुदृढीकरण गर्दै जनताको समुन्नतिको सपनालाई स्थिर सरकार मार्फत सम्बोधन गर्नका लागि केन्द्रीय कार्यसमितिको यो बैठक सत्ता गठबन्धनमा रहेका दलहरूसँग संवाद गरी चुनावी तालमेल गरेर अघि बढ्ने निर्णय गरेको छ। यसरी गठबन्धनमा रहेका दलहरूका बीचमा तालमेल गर्दा संविधानको कार्यान्वयन, आर्थिक सामाजिक रुपान्तरण र वैदेशिक सम्बन्ध लगायतका बिषयमा न्यूनतम साझा धारणा निर्माण गर्दै आम नेपाली जनतालाई पाँच वर्षमा स्थीर सरकारमार्फत जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने स्पष्ट कार्यक्रमको खाका सहित आमनिर्वाचनमा नेपाली कांग्रेस प्रस्तुत हुनु पर्दछ भन्ने ठहर बैठकले गरेको छ ।

साथै, तालमेल गरिरहँदा नेपाली कांग्रेसको मुख्य नेतृत्वदायी भुमिका रहेको यथार्थ, सांगठनिक वस्तुस्थिति तथा पार्टी पंक्ति एवं शुभेच्छुकको भावनालाई दृष्टिगत गर्दै गठबन्धनमा रहेका दलहरुसंग संवाद मार्फत निष्कर्षमा पुग्ने निर्णय गरेको छ ।

**सरकारलाई सुझाव तथा ध्यानाकर्षण**

बैठकले संविधानको रक्षा गर्न र लोकतान्त्रिक संस्थाहरू माथिको आक्रमण रोक्नका निम्ति विशेष परिस्थितिमा नेपाली कांग्रेस नेतृत्वमा गठन भएको पाँच दलीय गठबन्धनको वर्तमान सरकारले आफ्नो कार्यकालको एक वर्ष पुरा गरेको छ तर, संविधानलाई ट्र्याकमा ल्याउँदै क्रमशः कोभिड खोप व्यवस्थापन, एमसिसी अनुमोदन र स्थानीय तहको निर्वाचन लगायतका महत्वपूर्ण काममा सरकारले निर्वाह गरेको भूमिकाको यो बैठक कदर गर्दै अनेक राजनैतिक चुनौती पार गर्दै मुलकलाई सहि मार्गमा ल्याई पुऱ्याउन सफल नेतृत्व गरेको नेपाली कांग्रेसको नेतृत्वमा विद्यमान आर्थिक चुनौतीलाई सामना गर्दै मुलुकको आर्थिक विकास र समुन्नति यात्रालाई सार्थक गति दिन सकिन्छ र त्यो नै आजको प्रधान कार्यभार हो भन्ने आग्रह साथ यो बैठक जनजीविका र सुशासन लगायत निम्न विषयमा सरकारको विशेष ध्यानाकर्षण गराएको छ ।

पूर्ववर्ती सरकारले संविधानको मर्म विपरीत संवैधानिक परिषद् सम्बन्धी अध्यादेश लगायत विविध विषयमा ल्याएका प्रस्ताव र निर्णयहरुका विरुद्ध उभिएको स्मरण गर्दै यस्ता महत्वपूर्ण कानून बनाउँदा र निर्णय गर्दा संविधानको मर्म र भावनाको अनुरुप हुनेगरी निर्णय गर्न नेपाली कांग्रेस सरकारसँग आग्रह गरेको छ ।

देशको विद्यमान आर्थिक अबस्थालाई लिएर आम नागरिकमा अस्वभाविक ढङ्गले भय सृजना गर्ने काम भईरहेकोमा सरकारले आम नागरिकलाई अर्थतन्त्रको अहिलेको वास्तविक अवस्था के छ, मुख्य समस्या कहाँ छ, चुनौतीहरु के छन्, जोखिम न्यूनीकरण गर्न के गर्न सकिन्छ लगायतका विषयमा श्वेतपत्र जारी गरी यथार्थ सार्वजनिक गर्न आग्रह गर्दछ तथा अर्थतन्त्रमा देखिएका समस्यालाई सम्बोधन गर्न आवश्यक कार्य योजना तयार गरि कार्यान्वयन गर्न सरकारसंग आग्रह गरेको छ ।

बैठकवाट सुशासन कायम गर्ने सन्दर्भमा 'शुन्य सहनशीलता' नीति अंगिकार गरी व्यवहारिक कार्यान्वयन गर्न, पारदर्शीता कायम गर्न र गल्ती गर्ने कसैले पनि उन्मुक्ति नपाउने अवस्थाको सिर्जना गर्न कुनै कसर बाँकी नराख्न यो बैठक सरकारसँग आग्रह गरेको छ ।

महंगी, कालोबजारी, मलको अभाव लगायत जनजीविकाका सवालहरूमा सरकारले विशेष ध्यान दिई जनताले दैनिक रुपमा भोग्नुपरेका समस्या, प्रकृयागत झन्झट र अप्ठ्याराहरूलाई सहज बनाउन र जनताको साथमा सरकार छ भन्ने अनुभूति दिलाइरहन सरकार थप क्रियाशील हुन यो बैठक आग्रह गरेको छ । खेतीको समयमा हरेक बर्ष नेपाली किसानहरुले भोग्नुपरेको मलको अभाव अन्त्य गर्न दीर्घकालीन समाधानको उपाय अवलम्बन गर्न यो बैठक सरकार समक्ष आग्रह गरेको छ ।

नागरिकताबाट बञ्चित नेपाली नागरिकहरुलाई नागरिकता प्रदान गर्न संविधानको व्यवस्था बमोजिम संसदमा सरकारद्वारा प्रस्तुत नागरिकता सम्बन्धी विधेयकलाई संसदको चालु अधिवेशनबाट पारित गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

श्रीलंकाको स्थितिप्रति कांग्रेसले श्रीलंकाले गम्भीर आर्थिक संकट व्यहोरिरहेको घटनालाई यो बैठकले संवेदनशीलतापूर्वक लिएको जनाएको छ । यो प्रतिकुल स्थितिबाट श्रीलंकालाई बाहिर ल्याउन विकसित राष्ट्रहरु र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुलाई यो बैठकले अपील गरेको छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कको अध्यक्ष राष्ट्रका रुपमा नेपालले अन्य सबै देशलाई श्रीलंका र त्यहाँका नागरिकले भोग्नुपरेको पीडामा हरसंभव सहयोग र समन्वयका लागि अग्रसरता लिन आग्रह गरेको छ ।

बैठकले मित्रराष्ट्र जापानका पूर्व प्रधानमन्त्री सिन्जो आवेको हिंसात्मक आक्रमणमा निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै घटनाको निन्दा गरेको छ । आवेलाई हामी नेपाल देशको एक असल मित्रको रुपमा सदैब सम्झिने छौं बैठकले उनको परिवार, जापान सरकार र जापानी जनताप्रति गहिरो समवेदना व्यक्त गर्दै यो बैठक उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेको जनाएको छ ।

## खराब आचरण र अनुचित प्रभावमा परेको भन्दै निधि पदमुक्त

**टुडे समाचारदाता**




काठमाण्डु । खराब आचरण र अनुचित प्रभावमा परेर फैसला सुनाएको भन्दै न्यायाधीश राकेशकुमार निधि र अनिलकुमार शर्मालाई सोमवार पदमुक्त गर्न सिफारिस गरिएको छ । न्याय परिषद्को सोमबारको बैठकले उच्च अदालत महेन्द्रनगरका न्यायाधीश निधि र काठमाडौं जिल्ला अदालतका न्यायाधीश शर्मालाई पदमुक्त गर्न प्रधानन्यायाधीशसमक्ष सिफारिस गरेको परिषद्का प्रवक्ता मानबहादुर कार्कीले जानकारी दिएका छन् ।

'खराब आचरण गरेको र अनुचित प्रभावमा परेर फैसला गरेको आरोपमा छानबिन हुँदा दुबै न्यायाधीश दोषी पाइएकाले पदमुक्त गर्न सिफारिस गरेको हो,' कार्कीले भने । दस दिनभित्र खराब आचरण र अनुचित प्रभावमा परेर फैसला गरेको भन्दै परिषद्ले ५ जना न्यायाधीशलाई पदमुक्त गर्न सिफारिस गरेको छ । गत शुक्रबार उच्च अदालत जुम्लाका न्यायाधीश नसरुल्लाह अन्सारी र बर्दिया जिल्ला अदालतका न्यायाधीश लोकजंग शाहलाई पदमुक्त गर्न सिफारिस गरेको परिषद्ले अघिल्लो असार २४ मा उच्च अदालत तुलसीपुर बुटवल इजलासकी न्यायाधीश रेणुका साहलाई बर्खास्त गर्न सिफारिस गरेको थियो ।

धनुषाकी साहले योग्यता ढाँटेर नियुक्ति लिएको भन्दै असार २४ मा उनलाई बर्खास्त गर्ने निर्णय गरेको थियो । २०७५ चैत २० मा उच्च अदालतमा नियुक्त भएकी उनलाई नियुक्ति लिनलाई आफ्नो अयोग्यता लुकाएको आरोप लागेको थियो। १० वर्ष निरन्तर वकालत गरेको वा कानूनको क्षेत्रमा काम गरेको व्यक्तिका रूपमा नियुक्त भएकी उनले २० वर्ष सीटीईभीटीमा सामान्य प्रशासन सेवाको जागिरे भएर बिताएकी थिइन् । उनी पूर्वप्रधानन्यायाधीश रामकुमारप्रसाद साहकी छोरी हुन् । यी तीनै जना न्यायाधीशहरुलाई कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीले पदबाट हटाइसकेका छन् ।



# मधेश प्रदेशमा पुनः कोरोना संक्रमितको संख्या बढ्दै

जनकपुरधाम । मधेश प्रदेशमा फेरि कोरोना संक्रित बढ्ने क्रम देखिएको छ । असारको अन्तिम सप्ताह सम्म मधेश प्रदेशमा कोरोना संक्रमतिको नयाँ शेस शुन्य जस्तै देखिएपनि श्रावणको पहिलो सप्ताहमै कोरोना संक्रमितको संख्यामा वृद्धि देखिएको छ । मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार पछिल्लो २४ घण्टामा प्रदेशमा ४ जना कोरोना संक्रिम पाईएको छ । यो सँगै मधेश प्रदेशमा एक्टीभ कोरोना पोजेटिभको संख्या २७ पुगेको स्वास्थ्य निर्देशनालयले जारी गरेको प्रेस विज्ञप्तीमा उल्लेख छ ।

मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालाको २३ जनाको शंकास्पद व्यक्तिको गरेको स्वाव परिक्षणमा ४ जनामा कोरोना पोजेटिभ पाईएको निर्देशनालायले जनाएको छ । त्यसैगरि, पर्साको विरगंज भन्सार नाका, सिरहाको माडर नाका, रौतहटको गौर नाका र महोत्तरीको भिठामोठ नाकामा २०३ जनाको गरिएको एन्टिजेन परिक्षण गर्दा कुनैपनि व्यक्तिमा कोरोना संक्रमण नभेटिएको निर्देशानालयले जनाएको छ ।

यसैबीच, अहिले सम्म मधेश प्रदेशमा हाल सम्म कोरोना संक्रमित भएका मध्ये ९७ दशमलव ४ प्रतिशत निको भई घर फर्केका छन् भने २ दशमलव ५६ प्रतिशत कोरोना संक्रमितको मृत्यु भएको निर्देशनालयले जनाएको छ ।

# बार एसोसियशनको निर्वाचनको लागि २० जनाको उम्मेवारी दर्ता ३ पर्साद निर्विरोध

रौतहट । रौतहट जिल्ला अदालत बार एशोसियसन रौतहटको हुने कार्य समिति निर्वाचनको लागि २० जनाले मनोयन पत्र दर्ता गरेका छन् ।

साउन ७ गते शनिवार हुने निर्वाचन को लागि सोमबार भएको प्रथम मनोयन दर्तामा विभिन्न पदमा गरि २० जनाले आ आफ्नो उम्मेदवारी दर्ता गराएको हो ।

पर्साद पदको लागि ३ जना को उम्मेदवारी परेकोले तिनै जना निर्विरोध निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत महमद मजरुल हकले जानकारी दिएका छन् । पर्साद पदमा निर्विरोध निर्वाचित हुनेहरुमा महेन्द्र दास , निकुन्त नारायण झा र राम्भु महतो रहेको प्रमुख निर्वाचन अधिकृत हकले जनाए । ९ जना सदस्य रहने कार्य समितिको लागि १७ जनाको उम्मेदवारी परेकोले अध्यक्ष देखि सदस्य सम्मको पदमा प्रतिस्पर्धा हुने भएको छ ।

अध्यक्ष पदको लागि सोनेलाल प्रसाद पटेल ,हेमचन्द्र लाल कर्ण , नन्द किशोर साह , सुरेश तिवारी र राजिव कुमार सिंह सहित ५ जनाले उम्मेदवारी दिएका छन् ।

उपाध्यक्षको लागि राम इश्वर प्रसाद र राम विनोद प्रसाद पटेल सचिवमा रमेश कुमार यादव र धर्मवीर प्रसाद जैसवाल , कोषाध्यक्षमा अनोज कुमार यादव र मनोज कुमार बराल उम्मेदवारी दिएको निर्वाचन अधिकृत महमद मजरुल हकले बताएका छन् ।

सदस्यमा महमद अतिकुर रहमान , सुरेश प्रसाद श्रीवास्तब , सबुरी लाल ठाकुर , राजेन्द्र सिंह ,शेख मैनुदिन , अच्युतम बहादुर क्षेत्रीले मनोयन पत्र दर्ता गरेको हो । अध्यक्ष पद मा ५ जना को उम्मेदवारी भएकोले निर्वाचनमा कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको छ ।

# नेपालमा बाह्य शक्तिको वर्चश्व : एमाले



टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले विदेशी शक्तिको इशारामा नेपाल चलिरहेको आरोप लगाएका छन् । सोमबार जनकपुरधामस्थित मधेश प्रदेश स्तरीय कार्यकर्ता प्रशिक्षण कार्यक्रममा उनले वर्तमान सरकार विदेशी शक्तिको इशारामा चल्ने गरेको प्रसंग उल्लेख गरेका छन् ।

प्रधाममन्त्री शेर वहादुर देउवा अमेरिका र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड भारतको इशारामा चलेको उनको आरोप छ । बाह्य शक्तिले देशलाई संकटमा लग्ने उनको भनाइ छ । 'वर्तमान सरकार बाह्य शक्तिको इशारामा चलिरहेको छ । उनीहरुले देशको सार्वभौमसत्तामाथि आँच आउने गरी विदेशी शक्तिसँग साँठगाँठ गरेका छन्,'उनले भने,'प्रचण्डको र देउवाले देशलाई संकट तिर लगिरहेका छन् ।'

उनले प्रधानमन्त्री देउवा र नेकपा अध्यक्ष प्रचण्डको विषयमा विभिन्न टिकाटिप्पणी गरे पनि नेकपा समाजवादीका अध्यक्ष माधव नेपालको विषयमा बोलेनन् । उनले माधव नेपाल पार्टीमा नफर्किए पनि नेकपा (एस)को ठूलो समूह चुनाव अघि एमाले प्रवेश गर्ने दाबी गरे । ' हाम्रो प्रयास पुनः वाम एकताको छ,'उनले भने,'वाम एकताले मात्रै देशको अवस्था सुधार गर्न सक्छ ।

वास्तविक समाजवाद ल्याउन सक्छ । त्यसकारण समाजवाद ल्याउन कम्यूनिष्ट एकता आवश्यक छ ।' नेपाली काँग्रेससँग कम्यूनिष्टको गठबन्धन सत्ता स्वार्थको लागि मात्रै भएको उनले बताए । वर्तमान गठबन्धनको सरकारले जनताको जीवन र नीतिमा कुनै सुधार ल्याउन नसकेको उनले उल्लेख गरे । देशमा एमाले र काँग्रेस बाहेकका शक्ति देशबाट विस्तारै हराउने उनले जिकिर गरे ।

'केही क्षेत्रीय पार्टीले आफूलाई देशकै वैकल्पिक भनेर हल्ला फिजाएका थिए,'उनले मधेशवादी दललाई लक्षित गर्दै भने,'अहिले उनीहरुको हालत हेर्नुस् । आफैमा लडेर/फुटेर फुर्सद छैन् ।' वाम एकता देशमा आवश्यक रहेको भन्दै उनले जोड दिन स्थानीय नेता कार्यकर्तालाई पनि अनुरोध गरे ।

# प्रसूति सेवा बन्द

जलेश्वर । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर स्थित जिल्ला अस्पतालमा ' निक साइमन्स' संस्थाले प्रसूतिका लागि उपलब्ध गराउँदै आएको निःशुल्क शल्यक्रिया सेवा आजदेखि बन्द भएको छ ।

उक्त दातृ संस्थाले २०७० असोज महिनादेखि जलेश्वर अस्पतालमा प्रसूति हुने महिलाका लागि निःशुल्क शल्यक्रिया सेवा दिँदै आएकोमा गत असार मसान्तदेखि सो कार्यक्रम सकिएकाले हिजोदेखि प्रसूति सेवा पनि बन्द भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट एवं अस्पताल प्रमुख डा सतिश साहले बताउनुभयो ।

उक्त अस्पतालमा शल्यक्रिया गरेर बच्चा जन्माउने सुविधाको थालनी नै २०७० मा निक साइमन्स संस्थाले गरेको थियो भने अहिले सो संस्थाले कार्यक्रम सकेर गएपछि सो सेवा पनि बन्द भएको हो । निक साइमन्सले पाँच प्राविधिक (एमडिजीपी-१, मेडिकल अफिसर-१, एनेथिसिया असिस्टेन्ट-१, स्टाफनर्स-१ र बीएमईटी-१ जना) लाई पठाएर नौ वर्षसम्म जलेश्वर अस्पतालमा बच्चा जन्माउन आउने महिलालाई निःशुल्क सिएस सल्यक्रिया दिँदै आएको थियो ।

यो सेवा यस अस्पतालको मुख्य सेवामध्ये एक थियो भने गरिब तथा जलेश्वर अस्पतालमाथि विश्वास गर्ने सम्पूर्ण व्यक्तिका लागि निक्कै उपयोगी सावित पनि भएको थियो तर आज यो सेवा बन्द भइसकेपछि त्यस्ता व्यक्तिलाई प्रसूतिको क्रममा गरिने शल्यक्रियाका लागि जलेश्वर बाहिर जानुपर्ने बाध्यता आएको उहाँले बताउनुभयो ।

करिब एक दशक महोत्तरीका हजारौँ महिलालाई प्रसूतिको क्रममा निःशुल्क शल्यक्रिया गर्न/गराउनमा सक्रिय रहनुभएकी निक साइमन्सकी स्टाफनर्स चन्डिका अधिकारीले अब जलेश्वरलगायत वरपरका महिलालाई प्रसूतिको बेला पाउने निःशुल्क शल्यक्रिया उपलब्ध नहुने भएपछि बच्चा जन्माउन पनि समस्या हुने बताउनुभयो । उहाँले अब बाहिर जाँदा निजी अस्पतालमा रु एकलाखदेखि डेढलाखसम्म खर्च हुने र सर्वसाधारणलाई आर्थिक समस्या पनि हुनेछ भन्नुभयो ।

दाता संस्थाले यहाँ निःशुल्क शल्यक्रिया सेवा सुरु गरेदेखि प्रत्येक महिनामा औसतमा १५/२० महिलालाई निःशुल्क शल्यक्रिया गरेर बच्चा जन्माउन सेवा प्रदान गरिएको थियो भन्दै स्टाफ नर्स अधिकारीले अब यो सेवा बन्द भएपछि यहाँका गरिब, विपन्न महिला जटिल अवस्थामा कहाँ जाने र कसरी प्रसूति हुने भन्ने चिन्ता व्यक्त गर्नुभयो ।

यस सम्बन्धमा मेसु डा साहले आफूले उक्त संस्थाको सेवा निरन्तर राख्न स्थानीय, प्रदेश तथा सङ्घीय सरकार, सरोकारवाला स्वास्थ्य निकायसँग कुरा गरे पनि यस संस्थाले निरन्तरता नपाउने भएको गुनासो गर्नुभयो ।

उहाँले यसको विकल्पमा प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले चाँडै अस्थायी दरबन्दी सहितको ५० बेडको व्यवस्था गरेर शल्यक्रिया सहितको प्रसूति सेवा चालु गर्न आश्वासन दिएको जानकारी दिनुभयो । आजदेखि शल्यक्रिया सेवा बन्द भएपछि जलेश्वरवासीमा चिन्ता बढेको छ ।रासस

# आगलागीमा घर जलेर नष्ट

टुडे समाचारदाता

रौतहट । रौतहट जिल्लाको गौर नगरपालिका वडा नम्बर ४ टिकुलियामा सोमबार आगलागी हुदा ४ जनाको घर जलेर नष्ट भएको छ ।

घरमा राखेको ग्यास सिलिन्डर लिक भएर आगलागी हुँदा स्थानीय वकिल चन्द्रबंसी , ढोरा चन्द्रबंसी , मलक चन्द्रबंसी र ललन चन्द्रबंसीको घर जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

आगलागीबाट मानवीय क्षति नभएको र समयमा वारुणयन्त्र तथा प्रहरी र स्थानीयहरुको सहयोगमा आगो नियन्त्रण भएको हुँदा थप क्षति हुन बाट जोगिएको प्रहरीले जनाएको छ ।

# कृषि उपकरण तथा स्यालो बोरिङ्ग वितरण

राजविराज । सप्तरीको कृषि ज्ञान केन्द्रले कृषि उपकरण तथा साना सिँचाइका लागि स्यालो बोरिङगसहितका सामग्री वितरण गरेको छ । जिल्लामा वैकल्पिक सिँचाइको व्यवस्थासहित किसानलाई यान्त्रिक र आधुनिकिकरण गर्ने उद्देश्यले आयोजित एक कार्यक्रममा केन्द्रले पावर टिलर, धान र गहुँ काट्ने रिपर मेसिन, स्यालो बोरिङग र कमरसियल मोटरलगायत कृषियन्त्र र उपकरण किसानलाई अनुदानमा वितरण गरेको हो । तीन आर्थिक वर्षमा सप्तरी जिल्लामा एक हजार ५७३ जनालाई स्यालो ट्युवेल वितरण गरिएको थियो । वितरण गरिएका सामानमा १८ एचपिको पावर टिलर ४०, ९ एचपीको पावर टिलर ११, स्यालो ट्युवेल १७०, समरसियल मोटर ३२, धान गहुँ काट्ने रिपर मेसिन छ र पावर टिलरमा प्रयोग हुने रिपर तीन थान रहेको उक्त केन्द्रले जनाएको छ ।

केन्द्रका प्रमुख राजेन्द्रप्रसाद यादवले आव २०७८/७९ को स्वीकृत कार्यक्रमअन्तर्गत एक हजार ५७३ स्यालो बोरिङग वितरण गर्दा छ हजार २९२ बिघा खेतीयोग्य जग्गामा २४ घण्टा सिँचाइ पुगेको बताउनुभयो । साथै स्यालो बोरिङ्ग वितरणले किसानको घर-घरमा पानी र घर-घरमा आम्दानी पनि बढेकाले कृषि यान्त्रिक वितरणले ठूलो सहयोग गरेको उहाँको भनाइ थियो । वैकल्पिक सिँचाइको व्यवस्था, श्रमिक समस्या समाधान, लागत घटाइ उत्पादन वृद्धि र किसानलाई प्रविधिमैत्री बनाउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालनमा ल्याइएको थियो ।

सबै स्थानीयतहका किसानलाई निवेदनका लागि आह्वान गरी छनोटमा परेका किसानलाई ५० प्रतिशत अनुदानमा उक्त उपकरण उपलब्ध गराइएको केन्द्रले जनाएको छ । प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले युवा विदेशिने गरेको र खेतमा काम गर्ने मान्छेको अभावमा किसानले समस्या भोगिरहेका अवस्थामा यस्तो सहयोगले धेरै राहत प्रदान भएको बताउनुभयो ।रासस

# नेपाल पर्यटन बोर्डले बाराको सिमरामा अन्तरक्रियामा ,पर्सा राष्ट्रिय निकुञ्जलाई ब्राण्डिङग गर्नुपर्नेमा सरोकारवालाहरुको जोड

रञ्जन यादब

नेपाल पर्यटन बोर्डले बाराको सिमरामा गरेको अन्तरक्रियामा पर्यटनसँग सम्बौन्धित सरोकारवालाहरुले पर्सा राष्ट्रिय निकुञ्जलाई ब्राण्डिङग गर्नुपर्नेमा जोड दिएका छन् । मधेश प्रदेशको बारामा गरिएको अन्तरक्रियामा बारा र पर्सा जिल्लाबाट पर्यटनको बिकासमा लागि परेका सरोकारवालाहरुले आर्थिक बर्ष २०७८।०७९ को बजेट तथा योजनाहरुमा नेपाल पर्यटन बोर्डले पर्सा राष्ट्रिय निकुञ्जलाई समेटेर ब्यापक प्रचारप्रसार गर्नुपर्नेमा जोड दिएका छन् ।



पर्सा राष्ट्रिय निकुञ्जको बिकासले प्रदेश नै लाभन्वित हुन सक्ने महत्वपुर्ण आधारहरु रहेको सहभागिहरुले चर्चा परिचर्चा गरेका थिए । बारा र पर्सा जिल्लाका सरोकारवालाहरुले मधेशप्रदेशका पर्यटनका क्षेत्रहरु उचित योजना र प्रचारप्रसारको अभावमा ओझेलमा परेकाले उजागड गरिदिनुपर्नेमा जोड दिएका थिए । नेपाल पर्यटन बोर्डका अध्यक्ष कृष्ण साहले पर्यटकीय क्षेत्र रहको स्थानीय तह ,पर्यटन ब्यवसायीको राय सुझावकै आधारमा पर्यटन बोर्डले आफनो योजना तर्जुमा गरेर बजेटिङ्ग गर्ने जानकारी दिनुभयो । जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले निकुञ्जसँग जोडिएर रहेको जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं.२१ र २२ को क्षेत्रलाई समेटेर उपमहानगरपालिकाले बिशेषपर्यटन गाउँ बनाउँन लागेको जानकारी दिनुभयो । उपमहानगरपालिकामा पर्यटन बिकासको महत्वपुर्ण तथा ऐतिहासिक ठाउँको बिषयमा जानकारी दिएका थिए ।पर्सा राष्ट्रिय निकुञ्जभित्र ऐतिहासिक तथा प्राचीन मठमन्दिर ,दहको साथै यहाँ दुर्लभ वन्यजन्तु पाटे बाघ, रैथाने हात्ती, एकसिंगे गैंडा, भालु, मृग, चित्तल, जरायो, नील गाई, गौरीगाईलगायतका जनावरहरु छन् भने झण्डै तीन सय प्रजातिका चराचुरुंगीहरु रहेका छन् ।

कार्यक्रममा पुर्ब मन्त्री कृष्ण श्रेष्ठ(किशान) , जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेल ,उप प्रमुख भोला प्रसाद अधिकारी , नेपाल पर्यटन ब्यवसायी महासंघका मधेशप्रदेश अध्यक्ष मोहन शर्मा लामिछाने , वडा नं.४ का वडा अध्यक्ष भोज बहादुर खत्री (ईश्वर) एकोफनका मधेश प्रदेश अध्यक्ष गणेशजी प्रसाद साह , जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघका महासचिव प्रकाश गिरी लगायतको सहभागिता रहेको थियो ।

# मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना

काठमाण्डु देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षा हुने भएको छ । मनसुनी वायुको प्रभावले देशभर आंशिकदेखि सामान्य बदली भई देशका पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा दक्षिणतिर अवस्थित रहेको छ । पछिल्लो केही दिनयता देशभर गर्मी बढेको छ । मनसुनको न्यूनचापीय रेखा औसत स्थानभन्दा दक्षिण क्षेत्र अर्थात् भारततर्फ सरेका कारण मनसुन ब्रेक भएकाले पानी नपर्दा तापक्रम वृद्धि भई गर्मी बढेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् हीरा भट्टराईले बताउनुभयो । गत वर्षमाभन्दा यस वर्ष काठमाडौं उपत्यकासहितका पहाडी क्षेत्रमा बढी गर्मी महसुस भएको छ । उहाँका अनुसार मङ्गलबारदेखि उक्त रेखामाथि अर्थात् नेपालतिर सर्ने



भएकाले विस्तारै पानी पर्नेक्रम सुरु भई गर्मी कम हुने अवस्था रहेको छ ।

विभागका अनुसार राति देशभर आंशिकदेखि सामान्य बदली रही देशको पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनका साथै सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ ।रासस

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : धन बृद्धि सञ्चय । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# डोलेश्वरलगायत प्रसिद्ध शिवालयमा दर्शनार्थीको भीड



भक्तपुर । यहाँका प्रसिद्ध शिवालयमा एकमहिने साउने मेला सुरु भएको छ। साउनको पहिलो सोमबार आज बिहानैदेखि यहाँका प्रसिद्ध शिवालयमा दर्शनार्थीको घुइँचो लागको छ।

सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित प्रसिद्ध डोलेश्वर महादेव मन्दिरमा आइतबारदेखि नै एकमहिने साउने मेला सुरु भएको डोलेश्वर महादेव मन्दिर संरक्षण एवं विकास समितिका पूर्वउपाध्यक्ष तथा पूर्ववडाध्यक्ष किरण थापाले बताउनुभयो।

सोमबार सोमबार भने मन्दिरमा दर्शनार्थीको घुइँचो लागेको जानकारी दिँदै उहाँले भक्तपुरको जगातिबाट डोलेश्वर महदेव मन्दिर जाने दुई सडकलाई एकतर्फी यातायात सञ्चालन गरिएको, मन्दिरमा लाइन व्यवस्थापनका लागि स्वयंसेवक परिचालन गरिएको जानकारी दिनुभयो।

बिहानैदेखि दर्शनार्थीको भीड लागेको जनाउँदै उहाँले एकमहिने मेलामा दिनभरि नै मेला भर्न सकिने भए पनि सोमबार र शनिबार भने निकै भीड लाग्ने बताउनुभयो। मेलाको सुरुआतमै आइतबार स्थानीयले कलश यात्रा गरी चतुर्भजाचार्य चुरामणि महाराजबाट मेलाको उद्घाटन गरिएको थियो भने सूर्यविनायक नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिलाई सम्मान गरिएको थियो। सूर्यविनायकका नगर प्रमुख वासुदेव थापाले नगरपालिकाले धार्मिक क्षेत्रको विकास र प्रवर्द्धनमा ठूलो टेवा पुऱ्याएको जनाउँदै डोलेश्वर मन्दिरको भौतिक संरचना र विकासमा नगरपालिकाले सहयोग गर्दै आएको बताउनुभयो। उहाँले नगरपालिका क्षेत्रलाई शिव सर्किटको निर्माण गरी धार्मिक पर्यटनको विकास गर्ने बताउनुभयो।

त्यसैगरी सिपाडोलको अर्को प्रसिद्ध आशापुरी महादेव मन्दिरमा पनि दर्शनार्थीको बिहानैदेखि घुइँचो लागेको छ। मनको आशा पूरा गर्ने महादेवका रुपमा परिचित रहँदै आएको यो मन्दिरमा बिहानैदेखि दर्शनार्थीको घुइँचो लागेको हो।

डोलेश्वर हुँदै आशापुरी जान र नंखेल काँक्राबारी हुँदै आशापुरी जान दुईतर्फी सडक सञ्चालनमा आएपछि यो मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्न थालेको हो।

त्यसैगरी सूर्यविनायक नंखेलस्थित नन्दीकेश्वर महादेव मन्दिरमा पनि दर्शनार्थीको भीड लागेको छ भने सूर्यविनायक नपास्थित सिरुटारको गुप्तेश्वर, सोमलिङ्गेश्वर, चरखण्डीश्वर, अनन्तलिङ्गेश्वर, सुवर्णेश्वर, लटरम्बेश्वर र अग्लो महादेवका रुपमा चिनिएको कैलाश महादेवमा पनि दर्शनार्थीको बिहानैदेखि भीड लागेको छ।

भक्तपुर नगरपालिकास्थित प्रसिद्ध दत्तात्रय मन्दिरमा बिहानैदेखि दर्शनार्थीको भीड लागेको छ। भीड व्यवस्थित गर्न स्वयंसेवक परिचालन गर्नाका साथै लाइनमा बस्नेका लागि टोकनको व्यवस्था गरिएको छ।

भक्तपुर, काठमाण्डु, ललितपुर, काभ्रेपलाञ्चोकदेखिका दर्शनार्थीको आगमनले यहाँका महादेव मन्दिर भरिभराउ भएका छन् ।रासस

# साउन महिनामा नेपाली नारी : मेहन्दी र हरियो चुरा लगाउने 'क्रेज' बढ्यो



जनकपुरधाम । सोमबार साउन महिनाको पहिलो सोमबार। प्रायः महिलाका नाडी काँचका हरिया चुरामा सजिएको देखिन्छ। साउन लागेलगत्तै हिन्दू महिलामा छुट्टै उत्साह र उमङ्ग छाएको छ। रातो, पहेँलो र हरियो चुरापोते तथा कपडा महिलाको रोजाइमा परेको छ।

पछिल्ला वर्षमा किशोरीमा समेत मेहन्दी र हरियो चुरा लगाउने 'क्रेज' बढेको छ। 'क्रेज' बढ्नुलाई धार्मिक विश्वास तथा फेसनका रूपमा लिन सकिन्छ। विशेषगरी साउनको सोमबार शिवजीको व्रत र पूजा गर्ने चलन छ। यद्यपि यस महिनाका सबै दिन उत्तिकै महत्वका साथ लिइन्छ।

जनकपुरधामकी स्थानीयवासी तथा नेपाल पत्रकार महासङ्घकी केन्द्रीय सदस्य रिङ्कु गायत्री मिश्र आफूले धार्मिक विश्वासका कारण चुरा लगाएको बताउनुभयो । "साउनमा हरियो चुरा लगाउँदा चिताएको पुग्छ भन्छन्, मैले पनि लगाए', मिश्रले भन्नुभयो।

साउन महिना धार्मिक, सांस्कृतिक एवं प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण भएकाले महिनाभरि आफू हरियो चुरा लगाउने मधेस प्रदेश चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डकी सदस्यसमेत रहनुभएकी जनकपुरधामकी पुष्पा यादवको भनाइ छ। यादवले हरियो चुरासँगै मेहन्दीले हात सजाउनुभएको छ।

क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगरकी सपना गिरीले साउने सङ्क्रान्तिका दिन परम्परादेखि चलिआएको लुतो फाल्ने चलन विस्तारै हराउँदै गएको तर हरियो चुरा तथा मेहन्दी लगाउनेको संख्याचाहिँ वर्षेपिच्छे बढ्दै गएको बताउनुभयो । "परिवारमा भएका सदस्यका हत्केला र पाखुरामा मेहन्दी तथा चुरा देखेपछि सबैले रहरले लगाउने गरेका छन,' उहाँले भन्नुभयो, "घरैभरि सबैले लगाएका छन्, कसैको हात खाली छैन।'

कतिपयले हरियो चुरा लगाइसकेपछि फुटाउनु हुँदैन भनेर महिनाभर होसियारी अपनाउने गर्दछन्। साउनमा शृङ्गारका सामान अन्य महिनाको तुलनामा निकै बिक्री हुने व्यापारी बताउँछन्।

साउनको पहिलो दिनदेखि नै बजारमा रहेका शृङ्गार सामानका पसलमा चुरापोते, हरिया, राता, पहेँला वस्त्र खरिदकर्ताका भीड बढेसँगै व्यापार बढिरहेको व्यापारीको भनाइ छ। महेन्द्रनगर स्थित मीना शृङ्गार पसलकी प्रोप्राइटर मीनादेवी साहले मध्य असारदेखि नै हरियो चुराको बिक्री बढेको बताउनुभयो । यस महिनाको सोमबार शिवको मन्दिरमा पूजा गर्न जाने महिलाको घुइँचो हुने गर्छ । विशेषगरी विवाहित महिला यसमा सहभागी हुने र व्रत पनि बस्ने गर्छन् । महिलाले पतिको सुख, शान्ति र दीर्घायुको कामना गर्दै व्रत बस्ने गर्दछन् । जनकपुरधाम उपमहानगरपालिका भानुचोक बस्दै आएकी तुलसा भट्टराईले पनि साउन महिनाको पहिलो दिनदेखि नै हातमा हरियो चुरा, मेहेन्दी र रातो कुर्था सलवारमा सजिएर हिँड्ने र सोमबार व्र समेत बस्न थालेको बताउनुभयो।

उहाँका श्रीमान् वैदेशिक रोजगारको सिलसिलामा साउदी अरेबियामा हुनुहुन्छ । श्रीमान्को दीर्घायुको कामना गर्दै साउने सोमबारमा व्रत बस्नुभएको हो । उहाँले आफ्नी सानी छोरीलाई समेत हातभरि हरियो रङको चुरा र मेहेन्दी लगाइदिनुभएको छ।साउन महिनामा घरायसी महिलादेखि अफिसमा काम गर्ने र ड्युटीमा खटिएका कतिपय महिला ट्राफिक प्रहरीसमेतले हरियो चुरा लगाएको देखिन्छ। हरियो चुरा, पोते लगाउने शास्त्रीय मान्यता नभए पनि यसको चलन बढ्दो छ।

हातमा हरियो, रातो र पहेँलो चुरा लगाएर शिवजीको पूजा गर्दा खुसी बढ्ने कतिपय महिला बताउँछन् । महिला आफ्नो श्रीमान्को सुस्वास्थ्यका लागि सोमबारको व्रत बस्ने विश्वास गरिन्छ । यो एउटा आस्था पनि हो । सबै हिन्दू नारीको साउन महिना चाड बन्न पुगेको छ।

कतिपयले यसलाई अनावश्यक तडकभडकका रूपमा पनि मनाउन थालेका छन्। नेपालमा मात्र नभएर विदेशमा पनि यो चलन फस्टाएको देखिन्छ । हिन्दू धर्म संस्कृति मान्ने महिलामा मात्र सीमित मेहन्दी र चुरा हिजोआज सबैजसो महिला र युवतीको रोजाइमा पर्छ।

पहिले गाउँघरमा मेहन्दी पाइँदैन थियो। मेहन्दी लगाउने चलन पनि थिएन । महिलाले आँगन र बारी जताततै पाइने तिउरे फूलको पात हत्केलामा दल्थे । हिजोआज तिउरेको ठाउँ मेहन्दीले लिएको छ', बर्दिवासकी महिला अधिकारकर्मी उर्मिला कार्कीले भन्नुभयो। साउनमा हरियो चुरा/मेहन्दी लगाउँदा आफ्नो घरमा राम्रो हुने तथा सर्पदंशबाट जोगिइने विश्वास छ। तर पछिल्लो समय धार्मिक आस्थाका आधारमा मात्र नभई देखासिकीका रूपमा पनि चुरा/मेहन्दी लगाइएको कतिपयको बुझाइ छ।

**के छ पौराणिक मान्यता ?**

पौराणिक मान्यताअनुसार साउन महिना शिवको महिनाका रूपमा लिइन्छ। पार्वतीले साउन महिनाभरि निराहार रही कठोर व्रत बसेर 'भगवान् शिव'लाई प्राप्त गरेको प्राचीन विश्वासका आधारमा महिलाले यसलाई बढी महत्वका रूपमा लिने गर्छन् । साउनमा हरियो पहिरिँदा शिव खुसी हुने धार्मिक विश्वास छ । हरियो रङ प्रकृति, उर्वरता, बहुलता, सौभाग्य र सकारात्मक ऊर्जाको वृद्धिको प्रतीक रहेको पनि कतिपयको बुझाइ छ।

हरियो उपचारको रङ पनि हो जो मुटसँग जोडिएको हुन्छ। उच्च रक्तचापको समस्याका लागि पनि हरियो राम्रो मानिन्छ । विवाहित जोडीको सुमधुर सम्बन्धमा पनि शयनकक्षको दक्षिण पूर्वी हिस्सामा हरियो रङ लगाएमा दाम्पत्य जीवन सुखी हुन्छ भन्ने वास्तुशास्त्रमा उल्लेख गरिएको छ।

**यसकारण लगाइन्छ हरियो**

शास्त्री नवीन प्रियदर्शीका अनुसार हरियो रङ सौभाग्यको प्रतीक हो । साउन महिना हरियालीको महिना पनि हो र यो महिना प्रकृतिसँग आफूलाई जोड्ने महिना पनि हो । यस महिनामा हरियो रङका कपडा लगाएर प्रकृतिसँग नजिकिने गरिएको हो।

शास्त्रमा प्रकृतिलाई ईश्वरका रूपमा लिइन्छ । हरियो चुरा र साडी लगाएर नारीले प्रकृतिलाई विशेष पूजा गरेमा आफू र पतिको आयुसमेत बढ्ने धार्मिक विश्वास छ । संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडी 'भ्रमर'का अनुसार हरियोलाई प्रेमको, रातोलाई सौभाग्यको एवं पहेँलोलाई पवित्रताको प्रतीकका रूपमा लिइन्छ । हरियो रङ बुध ग्रहको समेत प्रतीक रहेको बताइन्छ। बुध ग्रह भविष्य तथा व्यापारसँग जोडिने धार्मिक मान्यता छ ।रासस

## एशियन शारीरिक सुगठनमा नेपाललाई कास्यपदक

काठमाण्डु । नेपाली शारीरिक सुगठन खेलाडी राजु राईले माल्दिभ्समा आयोजना भइरहेको ५४औं एशियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस्अन्तर्गत स्पाइडर म्यान प्रदर्शन तथा फिजिकतर्फ कास्यपदक जितेका छन्।

राजुले १ सय ७० सेमीसम्मको समूहमा कास्यपदक प्राप्त गरेको नेपाल शारीरिक सुगठन तथा फिजिकल फिटनेश सङ्घका उपाध्यक्ष एवं टिम व्यवस्थापक दिनेश राजभण्डारीले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त विधामा विभिन्न २४ राष्ट्र सहभागी थिए।

त्यस्तै सोही प्रतियोगिताका दौरान शारीरिक सुगठन खेलको विकासमा ठोस योगदान पुऱ्याएबापत विश्व शारीरिक सुगठन तथा फिजिकल फिटनेश महासङ्घले नेपाल शारीरिक सुगठन तथा फिजिकल फिटनेशका अध्यक्ष राजेश बाबु श्रेष्ठलाई 'डिस्टिङ्ग्वीस्ड अवार्ड'ले सम्मान गरेको उपाध्यक्ष दिनेश राजभण्डारीले जानकारी दिनुभयो। रासस

# कामपाको प्रवक्तामा मानन्धर



काठमाण्डु । काठमाण्डु महानगरपालिकाले प्रवक्ताका रुपमा वडा नं १७ का अध्यक्ष नवीन मानन्धरलाई नियुक्त गरेको छ। उहाँकामपाको सूचना प्रविधि समितिका संयोजकसमेत हुनुहुन्छ। कामपाका प्रमुख बालेन्द्र साहको अध्यक्षतामा आइतबार बसेको छैटौँ कार्यपालिका बैठकले उक्त निर्णय गरेको हो।

साथै बैठकले वर्षको इन्द्रजात्रा अवलोकन गर्न कामपासँग भगिनी सम्बन्ध भएका नगरबाट प्रमुख तथा प्रतिनिधिलाई निमन्त्रणा गर्ने निर्णयसमेत गरेको छ । यसअघि २०७६ सालको इन्द्रजात्रामा अवलोकन गर्न कामपाले छवटा देशका १३ नगरबाट प्रमुख, उपप्रमुख तथा प्रतिनिधिलाई निमन्त्रणा गरेको थियो।

तत्कालीन समयमा पाँचवटा देशका ११ वटा नगरबाट चार जना प्रमुख, उपप्रमुखसहित ४१ पाहुना सहभागी हुनुभएको थियो।

बैठकले महानगरको सार्वजनिक खरिद नियमावली संशोधनका लागि सहमति दिएको छ। चालु अर्थिक वर्षको नीति तथा कार्यक्रमअनुसार यस वर्षदेखि वडाबाट खुला प्रतिस्पर्धात्मक विधिबाट सेवा खरिद हुनेछ। रासस

# अनिवार्य मास्क लगाउन प्रशासनको आग्रह



नवलपुर। पछिल्लो समय कोभिड-१९ को सङ्क्रमण बढ्न थालेपछि यसको जोखिम न्यूनीकरणका लागि जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)ले अनिवार्यरुपमा मास्क लगाउन जिल्लावासीलाई आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेद्वारा आइतबार जारी आदेशमा स्वास्थ्य सतर्कता अपनाउन जिल्लावासीमा मास्क लगाउन आग्रह गरिएको छ। कोभिड-१९ को सङ्क्रमण रोकथाम र उपचार व्यवस्था सम्बन्धमा आइतबार बसेको बैठकको सिफारिसका आधारमा जिल्लाका सरकारी तथा सार्वजनिक स्थानमा अनिवार्यरुपमा मास्क लगाउन सर्वसाधारणमा आग्रह गरिएको घिमिरेले बताउनुभयो। "अनिवार्यरुपमा मास्कको प्रयोग गर्ने गराउने, साबुनपानीले हात धुने, सामाजिक दूरी कायम गर्नुपर्ने गरी आदेश जारी गरिएको छ", घिमिरेले भन्नुभयो।

आदेशमा सरकारी वा सार्वजनिक प्रकृतिका सबै कार्यालय, विद्यालय तथा सङ्घसंस्थामा सेवा लिँदा र दिँदा अनिवार्यरुपमा मास्क प्रयोग गर्नुपर्ने उल्लेख गरिएको घिमिरेले बताउनुभयो।

जिल्लामा कोभिड-१९ सम्बन्धी सुरक्षा सतर्कता बढाइएसँगै यसको अनुगमनलाई समेत अगाडि बढाउने घिमिरेको भनाइ छ। "अर्को व्यवस्था जारी नभएसम्मका लागि यो सूचना जारी गरिएको हो", घिमिरेले भन्नुभयो, "कोरोनाको सङ्क्रमण बढ्ने/घट्ने भएमा सोहीअनुसारको नीति अवलम्बन गरिनेछ।"रासस

# कोरोनाविरुद्धको खोपको दोस्रो मात्रा

काठमाण्डु । देशका २७ जिल्लाका पाँच वर्षदेखि १२ वर्षमुनिका बालबालिकाकालाई कोरोना भाइरसविरुद्धको खोपको दोस्रो मात्रा आज लगाइँदै छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत असार ९ गतेदेखि १५ गतेसम्म खोप लगाएका बालबालिकालाई आजदेखि दोस्रो मात्रा लगाउन थालेको हो।

ती जिल्लाका बालबालिकालाई खोप लगाउनका लागि विद्यालयमा नै खोप केन्द्र स्थापना गरिएको छ। उनीहरूलाई कोरोना भाइरसविरुद्धको 'फाइजर बायोएनटेक' खोप लगाउन थालेको हो। दोस्रो मात्रा लगाउनका लागि पहिलो मात्रा लगाएको खोप कार्ड बोकेर जान भनिएको छ। पहिलो मात्रा २१ लाख बालबालिकालाई लगाइएको थियो।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले खोपको प्रभावकारिता ९१ प्रतिशत र सुरक्षित रहेकाले सबै बालबालिकालाई खोप लगाउनका आग्रह गर्नुभयो।

ती जिल्लामा प्रदेश नं १ को झापा, इलाम, सुनसरी र मोरङ, मधेस प्रदेशको सप्तरी, सिराहा, धनुषा, महोत्तरी र पर्सा, बागमती प्रदेशको मकवानपुर, सिन्धुली, चितवन, काभ्रेपलाञ्चोक, काठमाडौँ, भक्तपुर र ललितपुर छन्।

यस्तै गण्डकी प्रदेशको कास्की र नवलपरासी पूर्व, लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम, रुपन्देही, दाङ, बाँके र बर्दिया, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर र डडेल्धुराका बालबालिकालाई पनि कोरोना भाइरसविरुद्धको खोप लगाइँदै छ। खोप अभियान यही साउन ८ गतेसम्म सञ्चालन हुने छन्।

यस्तै दोस्रो चरण ५० जिल्लामा अगामी भदौ ५ देखि ११ गतेसम्म खोप लगाइने छ। सोही समूहलाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म सञ्चालन गरिने छ ।रासस

# पाँचौँ विश्व संस्कृत दिवस मूल आयोजक समिति गठन




काठमाण्डु । प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने विश्व संस्कृत दिवसको तयारी गर्न मूल आयोजक समिति र सल्लाहकार परिषद् गठन गरिएको छ।

मूल आयोजक समितिका रुपमा काम गर्न गठित पाँचौं विश्व संस्कृत दिवस कार्य परिषद्का सङ्कल्पकर्ता काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक डा निर्मलमणि अधिकारी, नेपाल संस्कृत विश्वविद्यालयका सहप्राध्यापक डा माधवप्रसाद पाण्डेय संयोजक र संस्कृत विश्वविद्यालयकै उपप्राध्यापक डा माधव लामिछाने ससहसंयोजक रहनुभएको जरोकिलो प्रतिष्ठान नेपालका अध्यक्ष बलराम प्रजापतिले राससलाई जानकारी दिनुभयो।

मूल आयोजक समितिका सदस्यहरूमा काठमाडौँ विश्वविद्यालयका प्राध्यापक डा अजय रिसाल, चार वेदका नेपाली अनुवादक एवं सहृदयता समाज नेपालका अध्यक्ष आचार्य तिलकप्रसाद लुइँटेल, काठमाडौँ विश्वविद्यालय, भाषा तथा आमसञ्चार विभागका सहप्राध्यापक डा रामचन्द्र पौडेल, त्रिभुवन विश्वविद्यालय संस्कृत केन्द्रीय विभागका उपप्राध्यापक आकाश नीलम् गोविन्द, नेपाल संस्कृत विश्वविद्यालयका उपप्राध्यापक नवराज खतिवडा र प्रतिष्ठानका अध्यक्ष प्रजापति हुनुहुन्छ।

यसैगरी संस्कृत विदुषी गार्गी चौलागाईं, राष्ट्रिय हिन्दू एकता मञ्च नेपालका अध्यक्ष इन्द्र ओली, सहृदयता अन्तर्राष्ट्रियका अध्यक्ष वेदनिधि लुइँटेल (अमेरिका), विश्व भुटानी हिन्दू सङ्गठनका अध्यक्ष कमल धिमाल (अमेरिका), नेपाली हिन्दू फोरम युकेका अध्यक्ष सूर्यप्रसाद उपाध्याय (बेलायत) र युगनिर्माण महिला समाज नेपालकी उपाध्यक्ष चाँदनी विक पनि विश्व संस्कृत दिवस कार्य परिषद्का सदस्य रहनुभएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानको आह्वानमा नेपालबाट २०७५ सालमा प्रारम्भ भएर विश्वका विभिन्न देशमा मनाइँदै आएको दिवसको पाँचौं वर्षको कार्यक्रमलाई सफल पार्न सल्लाहकार परिषद् पनि गठन गरिएको छ । दिवसको सल्लाहकार परिषद्मा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा डा यादवप्रकाश लामिछाने, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा जगतप्रसाद उपाध्याय, वाल्मीकि विद्यापीठका प्राचार्य प्रा डा भागवत ढकाल, त्रिभुवन विश्वविद्यालयको संस्कृत केन्द्रीय विभागका प्रमुख एवं सहप्राध्यापक डा माधवप्रसाद उपाध्याय र जयतु संस्कृतम् संस्थाका महासचिव डा नवराज कट्टेल रहनुभएको छ।

यसैगरी सल्लाहकार परिषद्मा इन्टरनेशनल फेडेरेशन अफ् सनातन धर्मका उपाध्यक्ष एवं गुरु गोविन्द सिंह इन्द्रप्रस्थ विश्वविद्यालय, नयाँ दिल्ली, भारतका पूर्व डीन प्रा डा चन्द्रकान्तप्रसाद सिंह, इन्टरनेशनल फेडेरेशन अफ् सनातन धर्मका महासचिव डा गोविन्दशरण उपाध्याय र ग्लोबल सोसाइटी फर् पिस एण्ड स्पिरिचुअल साइन्स, अष्ट्रेलियाका अध्यक्ष आचार्य राजन शर्मा पनि रहनुभएको छ।

दिवसको मूल समारोह काठमाडौँमा आयोजना हुँदैछ भने अमेरिका, बेलायत, अष्ट्रेलिया, भारतलगायत ३० देशमा विभिन्न कार्यक्रम आयोजना हुँदैछ । दिवसको आयोजनाका लागि नेपालबाट प्रतिष्ठान, सनातन धर्म महासङ्घ नेपाल, जयतु संस्कृतम्, नेपाल संस्कृत विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालयको संस्कृत केन्द्रीय विभाग, राष्ट्रिय हिन्दू एकता मञ्च नेपाल र युग निर्माण महिला समाज नेपाल लगायतका संस्थाले सहकार्य गर्दैछन्।

नेपाल बाहिरबाट इन्टरनेशनल फेडेरेशन अफ् सनातन धर्म, सहृदयता अन्तरराष्ट्रिय, विश्व भुटानी हिन्दु सङ्गठन, ग्लोबल सोसाइटी फर् पिस एण्ड स्पिरिचुअल साइन्स, नेपाली हिन्दू फोरम युकेलगायत संस्थाले पनि दिवसमा सहकार्य गरिरहेको आयोजक समितिका संयोजक सहप्राध्यापक पाण्डेयले बताउनुभयो ।रासस


## आवश्यकता

**जानकी एकेडेमिक होस्पिटल, रामगोपालपुर न.पा. वडा नं. ९, पर्सा देवाड, महोत्तरी**मा तपसिल अनुसारको स्वास्थ्यकर्मीहरुको आवश्यकता रहेकोले इच्छुक तथा योग्य नेपाली नागरिकहरुको लागि यो विज्ञापन प्रकाशित गरिएको छ। विज्ञापन प्रकाशित मितिको ६ दिन भित्र आवश्यक कागजात सहित वायोडाटा akshatjmc@yahoo.com मा पठाउन आव्हान गरिन्छ।

**तपसिल**

| क्र.सं. | पद | न्यूनतम शैक्षिक योग्यता | अनुभव | संख्या |
|---|---|---|---|---|
| १. | मे. ल्याव. टेक्नोलोजिष्ट | वि.एम.एल.टी. तथा संवन्धित काउन्सिलमा दर्ता रहेको | कम्तिमा १ वर्ष | २ |
| २. | मे.ल्याव टेक्निसियन | सि.एम.एल.टी. तथा संवन्धित काउन्सिलमा दर्ता रहेको | कम्तिमा १ वर्ष | केही |
| ३. | मे.ल्याव. असिस्टेन्ट | एम.एल.टी. तथा संवन्धित काउन्सिलमा दर्ता रहेको | कम्तिमा १ वर्ष | केही |

**मिति : २०७९/४/७ शनिवार**
**सम्पर्क नं. : ९८०१५२८३९२**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# आरोप थोप्ने काम बन्द गर

एकले अर्कामाथि आरोप प्रत्यारोप गर्ने शैली पुरानो भई सकेको छ। पहिले पहिले कसैले कसैमाथि आरोप लगाउँदा वा कसैको आलोचना गर्दा सिधै आम जनताले विश्वास गर्ने गरेका थिए। तर, अहिले आएर समय परिवर्तित भई सकेको छ। आम जनता फिल्टर गरेर कुरा बुझ्ने गरेका छन्। सरकारको काम कारवाही र व्यवहारले जनता राम्रो संग चिरपरिचित छन्। जनताले कसैको बहकावमा आएर कुनै निर्णय लिन्छ त्यो भन्न अहिले कठिनाई छ। कसैले बुझेर त कसैले लहलहैमा लागेर कुनै निश्चित काम गर्ने गरेका हुन्छन् तर, त्यो भने अहिले परिवर्तन भई सकेको छ। अगाडिको मान्छे के भन्दै छ वा उनको भनाईमा लुकेको कुरा बुझ्न चाहन्छ। प्रदेश सरकारले भुक्तानी सम्बन्धी दिने गरेको अभिव्यक्ति जनता वा सम्बन्धित पक्षलाई ठग्ने काम मात्रै हो। संघ सरकारले साउन भित्र बोलपत्र आह्वान गरेर कात्तिक देखि भुक्तानी गर्न भनि सकेको अवस्थामा कसैले असारको अन्तिममा आएरनै भुक्तानी गर्छ त्यसलाई कुन रुपमा लिने भने जताजतै प्रश्न उठन थालेको छ। जनतालाई प्रभावमा पार्नका लागि उपभोक्ता समिति बनाएर करोडौंको रकम कुम्ल्याउने चलखेल गर्नेहरुलेनै अहिले ठूल ठूला गफ र भाषण दिनु न्यायोचित हुँदैन्। जनतालाई ठग्ने काम तत्काल बन्द गरी जनतालाई राहत दिनुको साटो गफ र भाषण गरेर जनताको आँखामा धुलो छर्कने काम अहिले भई रहेको छ। महालेखा नियन्त्रकको कार्यालयले असार २५ गते मध्यरात सम्म मात्र रकम निकासा हुन सक्ने पहिलानै परिपत्र गरिसकेको भए पनि प्रदेश सरकारका मन्त्रीहरु प्रधानमन्त्री समक्ष पुग्नु र आग्रह, अनुनय विनय गर्नु जनताको आँखामा धुलो छर्कनु बाहेक अरु केही पनि होइन्।

# गणतन्त्र र अग्रगामी चेतना

राजनीतिक परिवर्तनहरुले आर्थिक र साँस्कृतिक पक्षहरुलाई पनि प्रभावित गर्छ। देशमा गणतन्त्र र संघीयताको अर्थ राजनीतिक मात्र होइन, यसले हाम्रो साँस्कृतिक र सामाजिक दृष्टिकोणमा परिवर्तनको अपेक्षा गर्छ। यस अर्थमा नेपाली जनताको अथक परिश्रम, संघर्ष, त्याग र बलिदानबाट प्राप्त वर्तमान संघीय गणतन्त्रको दीर्घायुको निम्ती हाम्रो साँस्कृतिक चेतनामा परिवर्तन अत्यावश्यक छ। गणतन्त्र जनताको प्रतिनिधिमूलक व्यवस्थाको शासन प्रणाली हो। यस व्यवस्थामा सत्ताको सबै भन्दा माथिल्लो पदमा जनता द्वारा चयनित व्यक्ति नै आसीन हुन्छ।

यो बेग्लै कुरा हो कि अहिलेको संघीय गणतन्त्रका चालकहरु जनअपेक्षाका कसीमा खरो उत्रन सकेका छैनन्। उनिहरु जनताको भन्दा पनि दलाल पूँजी पति तथा नौकरशाह वर्ग प्रति बढी समर्पित देखिन्छ। यस अर्थमा वर्तमान संघीय गणतन्त्रलाई वास्तविक अर्थमा जनताको राज्य अर्थात् संघीय जनगणतन्त्रमा परिणत् हुन बाँकी नै छ। यस्का निम्ती जनताले गर्ने संघर्षहरु बाँकी नै छन्। तर यसै निहुँमा गणतन्त्रको विकल्प राजतन्त्र वा यस्तै कुनै गैरजनवादी व्यवस्था हुन सक्दैन। यसको अर्थ वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प समाजवादी संकल्प सहितका संघीय जनगणतन्त्र हुनसक्छ। र, यस्को निम्ती जनसमुदायको चेतनामा राजनैतिक र साँस्कृतिक अर्थमा अग्रगामिता आवश्यक हुन्छ।

विकल्पहरु अग्रगामी हुनुपर्छ। तर वर्तमान गणतन्त्रमा विद्यमान भ्रष्टाचार, गैरजिम्मेवारीपना तथा निजी स्वार्थपूर्तिको निम्ती सत्तालालसा जस्ता गैरजनवादी विकृतिहरु देखाएर एउटा हिस्साले संघीयता खारेजी तथा राजतन्त्रलाई विकल्पको रुपमा प्रस्तुत गरेर देशको राजनीतिक परिवर्तनलाई प्रतिगामी बनाउन चाहन्छ। केही तत्वहरुले त सामाजिक सञ्जालमा बजाफ्ते संघीयता खारेजी अभियान नै सञ्चालन गरिरहेका छन्। यस्को अर्थ हाम्रो राजनीतिक र सामाजिक परिदृश्यमा पुरानो राजनीतिक व्यवस्थाको अवशेष र चेतना अझै बाँकी छन्। यी अवशेषहरुले नयाँ पुस्तालाई समेत प्रभावित गर्न खोजी रहको छ।

पुरातनमुखी चिन्तन प्रवृत्तिले ज्ञान, सभ्यता र श्रेष्ठता सबैलाई पौराणिकता तथा मिथअर्थात विश्वासमा आधारित विगतमै खोज्ने गर्छ। यस्तो पश्चगामीचिन्तन भएकाहरुले नयाँ विकास तथा परिवर्तन र चलनहरु समाज र सभ्यताको निम्ती उचित ठान्दैनन्। समाजमा भएका विकृतिहरु परम्परागत सामाजिकताको निरन्तरता तथा यसबाट विकसित नकारात्मक तत्वहरुको कारण हो भन्ने तथ्यलाई स्वीकार्दैनन्। उनिहरु यस्को सम्पूर्ण दोष नयाँ परिवर्तनको टाउको थोपर्न चाहन्छन् र यसै आधारमा नयाँ भन्दा पुरानोलाई श्रेष्ठ साबित गर्न चाहन्छन्। यथार्थ के हो भने हरेक राजनीतिक तथा सामाजिक परिवर्तन पुरानोको विकृतताको प्रतिरोधमा नै हुने गर्छ। वस्तुतः जसलाई हामी नयाँ भन्छौं त्यो समाजको जनपक्षीय सकारात्मक इतिहासको निरन्तरता हो। यस्तो सकारात्मकता, जस्लाई गैर सामाजिक तत्वहरुले किनारा लगाई दिएको हुन्छ। यी गैर सामाजिक (वागैरजनवादी) तत्वले जनसमुदायको श्रेष्ठता तथा उसको सामान्यहित समेतको विचार र परिवर्तनको चाहनालाई अज्ञान घोषित गरिदिन्छ र आफ्नो सनातनयथा स्थिति र विचारलाई नै ज्ञान र सभ्यताको उपाधि प्रदान गर्छ।

राजनीतिक व्यवस्थाले समाजको आर्थिक र साँस्कृतिक अनुकूलन गर्छ। त्यसैले ऐतिहासिक कालखण्डमा समाज जुनखाले सत्ताविशेषमा हुन्छ, त्यसै अनुकूलका ज्ञान र सभ्यता परम्परामाउसको मनोजगत अनुकूलित भैसकेका हुन्छन्। राजतन्त्रमालामो परम्पराबाट गुज्रेको हाम्रो समाजमा राजा र धर्ममा आधारित ज्ञानमिमांसा श्रेष्ठ मानिन्छ। हामीलाई परिवर्तनले प्रभावित नगर्ने होइन। हामीले विज्ञानका उपलब्धिहरुको पनि उपयोग गरिरहेका हुन्छौं। तर जब धर्म र विज्ञान एक अर्काका सामू प्रतिरोधी मुद्रामा खडा हुन्छ, हाम्रो पुरानो चिन्तनको समाज धर्मलाई श्रेष्ठ मान्न थाल्छ। त्यतिबेला विज्ञान उसको निम्तीविध्वंसक र सैतान जस्तै देखिन थाल्छ। पुरातन ज्ञानमिमांसा प्रतिको यो मोह कतिसम्म जड छ भने हामीलाई आफ्नै अर्थात मानवीयताको विरोधमा रहेका पौराणिक चिन्तन तथा चलनहरु समेत राम्रो लाग्न थाल्छ। राज्य र धर्म (अर्थात इश्वरिय चेतना) ले समाजको अनुकूलन गरेको यो नै हो। यस चेतनाले हामीलाई गैरमानवीय सत्ता तथा ज्ञान मिमांसाको प्रतिरोधी चेतनाबाट रोक्छ र आफ्ना सबै संकटको हल चेतनाको स्तरमा धर्म वा ईश्वरको शरणागतिमा खोज्न प्रेरित गर्छ। समाजको यो अप्रतिरोधी चेतना तथा धर्मको शरणागति गैरजनवादी राज्यसत्ताको निम्ती सहयोगी हुने गर्छ र यसै कारण कुनै बेलायथास्थितिको विरुद्ध परिवर्तन गरेर सत्तामापुग्न सफल शासकवर्ग आफ्नो हितमा अमानवीय भैसकेको धर्म र परम्परालाई प्रोत्साहित गर्न थाल्छ। धर्म र मानवबीचको यसै प्रवृत्ति र अन्तर्सम्बन्धलाई लक्षित गरेर मार्क्सले धर्मलाई 'हृदयहीनहरुको हृदय' तथा 'धनीहरुको शान र गरिबहरुको सुस्केरा' भनेका थिए।

मार्क्सको भनाईमा धार्मिकताले यस्तो प्रभामण्डल खडा गर्छ, जस्मा डुबेर मानिसलाई यस्तो भ्रमितआनन्दबोध हुन्छ, मानौं उसका सबै समस्या र संकटहरु हल भैसकेका छन्। यथार्थमा उसका समस्याहरु यथावत् नै हुन्छन्। तपाँईले जीवन भरी गरिबीको दंशझेलीरहेको कुनै दुःखी मानिसलाई कुनै किर्तनमा मस्त र भावविभोर भएर भजनगाईरहेको तथा झालबजाई रहेको हेर्नु भयो होला। उसको मस्त, भावविभोर र आनन्दमय अनुहार यस्तो देखिन्छ, मानौं ऊ पूर्णरुपमा संकटमुक्त भैसकेको छ।

तर यथार्थ के हुन्छ भने उसका समस्या र संकटहरु यथावत् हुन्छन् र ऊ केही बेरलाई मात्र आफ्नो संकटबाट मुक्त भएको स्थितिमा हुन्छ। धर्मको यसै स्वाभावलाई लक्षित गरेर मार्क्सले धर्मलाई अफीम भनेका थिए। दोष त्यस मानिसको होइन, जस्ले धर्म मान्छ। कारक त परम्परागत चेतना र राज्यहो जस्ले धर्मको प्रभामण्डलको सृजना गरेको छ। यो धर्मको अफिमीपना नै हो, जस्ले गर्दा मन्दिर, मस्जिद र चर्चहरु र यस्का सञ्चालक धर्मगुरुहरु घोर अमानवीयतामा परिणत भैसकेको भए पनि पुरातन चेतनायुक्त समाज त्यसको अस्तित्वकायम राख्नकै निम्ती प्रयत्न गरि रहेको हुन्छ। यति मात्र होइन ज्यान दिन र लिन सम्मको निम्ती तयार हुने गर्छ। यस गन्थनमन्थनको सार के हो भने राज्यको संरक्षणमा धर्मले मानिसको प्रतिरोधी चेतनालाई मत्थर पार्छ र शासक वर्गको हित अनुकूल अनुकूलित गर्छ। व्यावहारिक स्तरमा नागरिकको दृष्टिले हाम्रो जीवनमा सत्ताका शासन हुने नै भयो, तर यो अनुकूलित चेतना नै हो, जस्ले हाम्रो जीवनमा जन्मदेखी मृत्युसम्म धर्म र ईश्वरको श्रेष्ठता र अनुभूति सृजित रहन्छ। यो प्रभाव हामीमा यति घनीभूत हुन्छ कि हामीलाई हामी बाँच्ने जगत र मानवीयता दुबै अधम् र हीन अनुभूत हुन थाल्छन्।



रोशन जनकपुरी

> *सत्ता र धर्मबारेको यो विवेचना धर्मप्रतिको घृणा वा विरोध होइन। कसैले धर्मप्रतिआस्था राखेका छन् भने उनको व्यक्तिगत आस्थाको सम्मान नै गर्नु पर्छ। हजारौं वर्षदेखी मानिसको चेतना र चलनमा कब्जा गरी बसेको यो पौराणिक र मिथविश्वास त्यसै हराउँदैन पनि। यस्का निम्ती लामो र अथक बौद्धिक र व्यावहारिक विमर्शको आवश्यकता हुन्छ। तर आधुनिक समाज र चेतनाको दृष्टिले यस्का मान्यताहरुमा अधिकांशकोऔचित्य सकिएका छन्, त्यसैले यसलाई इतिहासको म्युजियममा थन्काएर नयाँ र आधुनिक समाजको आवश्यकता अनुकूल चिन्तन प्रवृत्तिको अवलम्बन उचित हुन्छ।*

सत्ता र धर्मबारेको यो विवेचना धर्मप्रतिको घृणा वा विरोध होइन। कसैले धर्मप्रतिआस्था राखेका छन् भने उनको व्यक्तिगत आस्थाको सम्मान नै गर्नु पर्छ। हजारौं वर्षदेखी मानिसको चेतना र चलनमा कब्जा गरी बसेको यो पौराणिक र मिथविश्वास त्यसै हराउँदैन पनि। यस्का निम्ती लामो र अथक बौद्धिक र व्यावहारिक विमर्शको आवश्यकता हुन्छ। तर आधुनिक समाज र चेतनाको दृष्टिले यस्का मान्यताहरुमा अधिकांशकोऔचित्य सकिएका छन्, त्यसैले यसलाई इतिहासको म्युजियममा थन्काएर नयाँ र आधुनिक समाजको आवश्यकता अनुकूल चिन्तन प्रवृत्तिको अवलम्बन उचित हुन्छ। यथार्थ के हो भने धर्म मानव विकासको ऐतिहासिक क्रममा विकसित भएको व्यवस्था र चेतनाहो, जस्लाई वर्तमान समाजको पौराणिक समुदायले आदतवश र औपचारिकतावशबोकेकामात्रहो। यो नै साँस्कृतिक चेतनाको बिन्दु हो, जसलाई न उल्ट् याई मानवीय समाज निर्माण गर्न सकिँदैन। नयाँ र पुरानो चेतना बीचको द्वन्द्व पनि यो नै हो। अहिले पुरानो सत्ता फर्काउने प्रयासमा लागेकाहरु यस्तै पुरातन चेतनाबाट प्रेरित छन्। यस कारण वर्तमान संघीय गणतन्त्रलाई वास्तविक अर्थमा मानवीय र जनवादी बनाउनको निम्ती राजनैतिक मात्र होइन, साँस्कृतिक रुपमा पनि मानवीय चेतनाबाट लैस हुन जरुरी छ। यो भनेका मानवीय हितलाई केन्द्रमा राख्ने धर्म निरपेक्षता, समानता तथा मानवीय दृष्टिकोण सहितको जनवादिता हो। नेपालका सबै वर्ग, धर्म र जन समुदायले राजतन्त्र विरुद्ध गरेको संघर्ष र परिवर्तनका प्रेरक आधारहरु पनि यी नै थिए। यो भनेको, यो संघीय गणतन्त्र पुरानो सत्ताबाट उत्पीडित सबै वर्ग र समुदायको हो, र यसको रक्षा र विकासको दायित्व पनि यिनीहरु कै हो।

तर समस्या कहाँ छ भने, राजावादी दक्षिण पन्थीहरु मात्र होइन, गणतन्त्र र संघीयताको निम्ती संघर्ष गर्ने राजनीतिक दलहरु भित्र समेत पुरातन चेतना तथा संघीयता विरोधी स्वरहरु सुनिन्छन्। यो भनेको राजनीतिक रुपमा गणतन्त्र आए पनि साँस्कृतिक चेतनाको स्तरमा गणतान्त्रिक आत्मबोध हुन अझै बाँकी छ। यसले प्रतिगामी र दक्षिण पन्थीहरुलाई बल पुऱ्याउँछ। यस्ले गणतन्त्र पछि वयस्क भएको पुस्तामा अन्यौल पनि सिर्जना गर्छ र भावावेशमा उनिहरु जानीनजानी गणतन्त्र विरोधी तथा राजतन्त्र जस्तो परतन्त्रताको अभियानमा आकर्षित हुन पुग्छन्। यसै कारण गणतन्त्र र संघीयताको राजनैतिक मात्र होइन, यस्को साँस्कृतिक चेतनाको प्रसार अत्यन्त जरुरी छ। नयाँ पुस्तालाई यस गणतन्त्र र संघीयताको निम्ती हाम्रा पुर्खाहरु र सन्तानहरुले वरण गरेको महान शहादतको कथा सुनाउनु तथा आधुनिक विचारहरुबाट लैस गर्नु जरुरी छ। निश्चय नै वर्तमान गणतन्त्रमा अनेकौं विकृतिहरु छन् र यसको निम्ती यसका वर्तमान सत्ता सञ्चालकहरु दण्डित हुनुपर्छ। तर यस्को विकल्प पुरातन होइनकि अग्रगामी मात्र हुन सक्छ। सबैलाई चेतना भया।

# कानूनी अधिकार नै नभएको अधिकार सम्पन्न वाग्मती

**पूर्णप्रसाद मिश्र**

नाममै अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति राखिएको सरकारी निकायलाई अधिकार भने नहुँदा स्थापनाको २८ वर्षमा एक किमी नदी किनार पनि ढलमुक्त हुन सकेको छैन। नामको अघि नै अधिकार सम्पन्न लेखिए पनि समितिलाई अधिकार भने केही नदिइएको हालसम्म नियुक्त भएका कार्यकारी अध्यक्ष र आयोजना प्रमुखले गुनासो गर्दै आएका छन्। पूर्वध्यक्ष एवं राष्ट्रियसभाका पूर्व सांसद स्व विदुर पौडेलले अधिकार नदिए आफू त्यो समितिमा नबस्ने भनेपछि नामकोअघि अधिकार सम्पन्न थपिएको थियो। समिति स्थापना भएको २७ वर्ष पूरा भई २८ वर्ष प्रवेश गरे पनि गठन आदेशकै भरमा काम चलाउनुपर्दा जिम्मेवारी पूरा गर्न नसकिएको समितिका पूर्वध्यक्ष नरेन्द्रराज बस्नेतले स्वीर्नुभयो।

सहरी विकासमन्त्री र सचिवलाई पटकपटक समितिका पदाधिकारीले अनुरोध गरेपछि वाग्मतीको विधेयक तयार भएको छ। सहरी विकास मन्त्रालयको अग्रसरतमा विधेयक तयार भएको हो। "कार्यालयको नाम अधिकार सम्पन्न वाग्मती छ, तर अधिकार भने नदीमा फोहर फाल्नेलाई कुनै कानूनी कारबाहीको दायरामा ल्याउने अधिकारसमेत दिइएको छैन, समितिको ऐन बनाउन ढिलाइ हुँदा कर्मचारीको वृत्तिविकासको काम समेत प्रभावित भएको छ", उहाँले भन्नुभयो। अधिकार नभएकै कारण सुकुम्बासीका नाममा नदीको किनार अतिक्रमण गरी बसेकालाई कानूनी कारबाहीको दायरामा ल्याउन नसक्ने गरेको आयोजनाका पूर्वप्रमुख लीलाप्रसाद ढकालको अनुभव छ। वाग्मती किनार कब्जा गरी बस्नेलाई हटाउन खोज्दा विभिन्न शक्ति केन्द्रबाट दबाब आउने गरेको यहाँका अधिकारीको अनुभव छ।

"नदी किनारमा सुकुम्बासी थुपारेर वाग्मती कहिल्यै सफा हुँदैन, वास्तविक सुकुम्बासीको समस्या समाधान गर्न भएको अध्ययन कार्यान्वयन हुनुपर्छ, सुकुम्बासीका नाममा नदी किनारमा टहरा बनाई भाडामा लगाउनेको सङ्ख्या धेरै छ", उहाँले भन्नुभयो। इचङ्गुनारायणमा निर्माण भएको आवासमा समेत सुकुम्बासी नगएर नदी किनार कब्जामै लिइरहँदा वाग्मती सौन्यर्यकरण, करिडोर निर्माणलगायत पूर्वाधार विकासका काममा अवरोध भइरहेको समितिले जनाएको छ। समितिले पटकपटक केही दिनमै नदी किनारका सुकुम्बासी समस्या समाधान गर्ने प्रतिबद्धता जनाउने गरे पनि त्यसको कार्यान्वयन हुन सकेको छैन।

**बीस वर्षे वाग्मती गुरुयोजना अन्तिम चरणमा**

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले चालु आर्थिक वर्षमा काठमाडौं उपत्यकाको सभ्यताको स्रोतका रुपमा बग्ने वाग्मती सुधारको २० वर्षे गुरुयोजना अन्तिम चरणमा पुऱ्याएको छ। वाग्मती र यसका सहायक नदीलाई स्वच्छ बनाउने उद्देश्यले २० वर्षे गुरुयोजना ल्याउन लागिएको समितिका सूचना अधिकारी कमल अर्यालले राससलाई जानकारी दिनुभयो। गुरुयोजनामा नदी सभ्यतालाई पुरानै स्वरुपमा फर्काउने गरी कार्ययोजना बनाउन लागिएको छ। गुरुयोजनाको मस्यौदालाई अन्तिम रुप दिई साउन पहिलो साता सबैको सुझाव लिएर अन्तिमसम्म मन्त्रालय हुँदै स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने तयारी भएको छ।


गुरुयोजनामा नदीलाई स्वच्छ, सफा र हराभरा बनाउन कहाँ कहाँ पोखरी राख्ने, कुन नदीको चौडाइ कति कायम गर्ने, नदी प्रणालीलाई कसरी प्रदूषण मुक्त गर्ने भन्ने उल्लेख गर्न लागिएको समितिले जनाएको छ। विभिन्न क्षेत्रका विज्ञसँगको सहकार्यमा परामर्शदाता कम्पनीले गुरुयोजना तयार पारेको हो। गुरुयोजना कार्यान्वयन गरेर काठमाडौं उपत्यकाको नदी सभ्यतालाई सुधार गर्न लागिएको जनाइएको छ।

**सौन्दर्यीकरणमा जग्गा समस्या**

कागेश्वरी मनोहरा र गोकर्णेश्वर नगरपालिकाका वाग्मती पीडित किसानले गुह्येश्वरी-गोकर्णेश्वर मन्दिर क्षेत्रमा जारी नदी सौन्दर्यीकरणका काम पटकपटक रोकिने गरेको छ। रोकिएको केही समयपछि हुने सहमतिले फेरि सुरु हुने फेरि रोकिने क्रम विगत पाँच वर्षदेखि चलिरहेको छ। विसं २०२१ को नापीमा किसानका नाममा दर्ता भएको कागेश्वरी मनोहरा र गोकर्णेश्वर नगरपालिकास्थित गोठाटार पुल आसपासका स्थानीयवासीको जग्गा २०५३ सालमा पानी शुद्ध बनाउने भन्दै वाग्मतीमा पारिएको थियो। हातमा लालपूर्जा भएपनि जग्गा नदीमा परेपछि २५ वर्षदेखि किसानले विभिन्न विरोधका कार्यक्रम गर्दै आएका छन्। त्यही जग्गामा किसानलाई मुआब्जा नदिई सौन्दर्यीकरणको काम गर्दा पटकपटक विरोध भएको थियो। विरोधका कारण कहिले काम हुने र कहिले रोकिने गरेको छ।

पीडित स्थानीयवासीको समितिले यसअघि २०५३, २०६६, २०६७, २०७४ र २०७६ मङ्सिरमा किसानसँग गरिएको सम्झौता कार्यान्वयन गर्न माग गरेका छन्। दुवै नगरपालिकाका दाहाल, पुडासैनी, आचार्य, रिजाल, बराल, तामाङ र श्रेष्ठ बन्धु समाजका किसान वाग्मती पीडित बनेको पीडित बलराम शर्मा चौँलागाइँ बताउनुहुन्छ। विसं २०५७, २०६५, २०६७ र २०७४ मा गठन भएका आयोगले पनि किसानलाई मुआब्जा दिनुपर्ने प्रतिवेदन मन्त्रालयलाई बुझाएको छ। विसं २०७५ मङ्सिर १२ गते अधिकार सम्पन्न वाग्मती समितिले गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरी मुआब्जा दिने सार्वजनिक गरेपनि प्रक्रिया अघि बढ्न नसकेको उहाँले गुनासो गर्नुभयो।

वाग्मतीमा गोकर्णेश्वर, कागेश्वरी मनोहरा नगरपालिका एवं काठमाडौं महानगरापालिका वडा नं. ६ र ७ का स्थानीयवासीको १८८ रोपनी जग्गा परेको समितिले जनाएको छ। अधिकार सम्पन्न वाग्मती समितिले एशियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा गरिरहेको वाग्मती सौन्दर्यीकरणको काम पीडितको समस्या समाधान नहुँदा रोकिएको छ। सौन्दर्यीकरणको काम समयमा नसकिनुमा जग्गा समस्या मुख्य कारण बनेको छ। वाग्मतीको गोकर्णेश्वरबाट गुह्येश्वरीसम्मको नदीमा बहाव क्षेत्र कायम गरी किनारमा सडक निर्माण गर्दा स्थानीयवासीको १८८ रोपनी जग्गा नदीमा पारिएको थियो। त्यसको मुआब्जा माग गर्दै स्थानीयवासीले २०५५ सालदेखि नै विरोधका कार्यक्रम गर्दै आएका छन्।



**गफमै सीमित सुन्दरीजल–पशुपतिको वाग्मती ढलमुक्त योजना**

गत असार मसान्तसम्म सुन्दरीजलबाट पशुपतिसम्मको वाग्मती नदीलाई ढल मुक्त गर्ने प्रतिबद्धता अधिकार सम्पन्न वाग्मती समितिका पदाधिकारीले गत चैतमा जनाएका थिए। समितिले चैतमा आयोजना गरेको 'वाग्मती नदी सरसफाइ, सभ्यता संरक्षण तथा प्रवर्द्धनात्मक कार्यक्रमको महत्व र सान्दर्भिकता' विषयक छलफल कार्यक्रममा वाग्मतीको मुहानस्थल सुन्दरीजलबाट पशुपतिसम्मको नदीलाई ढल मुक्त गर्ने सम्बन्धमा सुझाव दिन सरोकार भएका निकायको प्रतिनिधि सदस्य रहेको पाँच सदस्यीय समिति गठन गरिएको जानकारी गराइएको थियो।

कार्यक्रममा समितिका अध्यक्ष उद्धवप्रसाद तिमल्सिनाले पाँच जनाले नभ्याए जनशक्ति थप्न सकिने उल्लेख गर्नुहुँदै पशुपति क्षेत्रसम्मको नदीलाई ढल मुक्त गर्न आवश्यक बजेटको समेत व्यवस्था हुने प्रतिबद्धता पनि जनाउनुभएको थियो। तर चार महिनामा ढल मुक्त गर्न उल्लेखनीय केही पनि काम हुन सकेको छैन।

**एक किमी वाग्मती पनि ढलमुक्त हुन सकेन**

अधिकार सम्पन्न वाग्मती समितिले स्थापनाको २७ वर्ष पूरा गरेर २८ वर्षमा प्रवेश गर्दा रु १४ अर्ब बजेट खर्च गरेको छ। तर नदीको एक किमी क्षेत्र पनि ढलमुक्त गर्न नसकेको भन्दै सफाइ अभियानकर्मीले निष्पक्ष छानबिनको माग गर्दै आएका छन्। नौ वर्षदेखि स्वयंसेवी महाअभियानका रुपमा प्रत्येक हप्ता शनिबार बिहान दुई घण्टा वाग्मती सफाइ गर्दै आएको समूहले अधिकार सम्पन्न वाग्मती समितिलाई माग पत्र प्रस्तुत गर्दै छानबिनको माग गरेको हो। विसं २०५२ मा राजधानीको सभ्यताका रुपमा रहेको वाग्मतीलाई ढल मुक्त गर्न अधिकार सम्पन्न वाग्मतीको स्थापना भएको थियो। समितिको नाम पटकपटक फेरियो। दर्जनौं अध्यक्ष फेरिए तर एक किमी नदी पनि ढलमुक्त हुन सकेको छैन।

समितिले परम्परागत रुपमा विकास गर्नुपर्ने वाग्मती, रुद्रमती, विष्णुमतीलगायत काठमाडौं उपत्यकाका नदी संरचनालाई कङ्क्रिटको ठूलो पर्खालले छेकेर कुरुप बनाएको भन्दै अभियानकर्मीले सभ्यताको रुवरुप नबिगार्न समेत माग गरेका छन्। सभ्यताको स्रोतलाई असभ्य र भद्दा नहरजस्तो बनाइएको भन्दै अभियानकर्मीले सच्याउन माग गरेका हुन्। नदीमा मिसाइएको ढल बन्द गराउने, अतिक्रमित जग्गा फिर्ता गराउनेजस्ता महत्वपूर्ण जिम्मेवारी पाएको समितिले त्यसो नगरी उल्टै नदी किनारका जग्गा विभिन्न व्यक्ति एवं संस्थालाई बाँडेको भन्दै अभियानकर्मीले विरोध जनाएका छन्। सुकुम्बासीका नाममा नदी किनारको जग्गा अतिक्रमण गर्नेका कारण नदी सौन्दर्यीकरणसमेत अलपत्र बनेको वर्षौं बितिसकेको छ। महाअभियानले व्यक्ति एवं संस्थालाई व्यावसायिक क्रियाकलाप चलाउन जग्गा बाँडेको घटनाको छानबिन नागरिकसमेतको सहभागितामा गर्न पनि अभियानकर्मीको माग छ।

वाग्मती मनोहरा दोभान, रुद्रमती दोभान, ललितपुरको कुपण्डोल तल्लो स्तर र विष्णुमतीको टङ्केश्वर क्षेत्रमा व्यावसायिक व्यक्ति एवं संस्थालाई जग्गा बाँडिएको आरोप माग पत्रमा लगाइएको छ। ती व्यक्ति एवं संस्थाले भौतिक संरचना निर्माण गरी तालाबन्दी गरेका छन्। यो गैरजिम्मेवार र निन्दनीय कामका साथै भ्रष्टाचारजन्य क्रियाकलापसमेत भएकाले माग पत्र बुझाएर विरोधमा उत्रनुपरेको अभियानकर्मी गोविन्द काफ्लेले बताउनुभयो। वाग्मतीको जग्गा जगेर्ना गर्नेसमेत जिम्मेवारी दिइएको सरकारी निकायले उल्टै व्यावसायिक समूहलाई दिएर सभ्यताको मर्ममाथि प्रहार गरेको उहाँले सुनाउनुभयो। समितिले व्यक्तिगत सम्पत्ति जसरी व्यावसायिक व्यक्ति र संस्थालाई जग्गा दान दिने अधिकार नभएको भन्दै महाअभियानले निष्पक्ष छानबिनमा जोड दिएको हो। नदी किनारमा व्यक्ति र व्यावसायिक संस्थाले संरचना बनाउँदै गर्दा नै महाअभियानले खबरदारी गरेकामा समितिले अटेर गर्दै आएको छ। वाग्मती सभ्यतामा भइरहेका यस्ता गैरजिम्मेवार काममा तत्काल रोक लगाउन नौ बुँदे ज्ञापन पत्रमा माग गरिएको छ। बनिसकेका संरचना पनि तत्काल भत्काएर नदी किनारका सार्वजनिक जग्गा रक्षा गरी सौन्दर्यीकरण गर्न महाअभियानले जोडदार माग गरेको हो। गलत क्रियाकलाप सच्याउन ज्ञापन पत्रमार्फत् विनम्र आग्रह गरिएको जनाउँदै महाअभियानले सुनुवाई नभएमा सम्बद्ध पदाधिकारीका विरुद्ध जस्तोसुकै आन्दोलनमा उत्रन बाध्य हुनुपर्ने भन्दै सचेत गराएको छ।

महाअभियानले वाग्मती, रुद्रमती, विष्णुमतीलगायत काठमाडौं उपत्यकाका नदी संरचनालाई ढलमुक्त गर्ने कार्ययोजना सार्वजनिक गर्न पनि माग गरेको छ। नदी किनारमा फोहर फाल्ने कार्यलाई तत्काल रोक लगाउनुपर्नेमा पनि अभियानकर्मीको जोड छ। नदी किनारका अतिक्रमित जग्गा २०२२ सालको नापी अनुसार छुट्ट्याएर अतिक्रमण मुक्त गर्न पनि महाअभियानले समितिको ध्यानाकर्षण गराएको छ।

नदी किनारका सार्वजनिक जग्गामा बगैंचा एवं हरियाली बनाई सौन्दर्यीकरण गर्ने योजना अलपत्र बन्दै आएको छ। समितिका अध्यक्ष उद्धवप्रसाद तिमल्सिना आफू आएपछि कुनै व्यक्ति वा संस्थालाई नदी किनारको जग्गा भौतिक संरचना निर्माण गर्ने गरी नदिएको बताउनुहुन्छ। यसअघि बनेका संरचना भत्काउन पनि समितिले सार्वजनिक सूचना प्रकाशित गरेको पनि उहाँले सुनाउनुभयो। अटेर गरेमा समितिले ती संरचना भत्काउने तयारीसमेत गरेको छ।

**जागरण फैल्याउन सफल वाग्मती सफाइ महाअभियान**

'मेरो वासस्थान र वरिपरि, कार्यस्थल र सार्वजनिक स्थल वरिपरि तथा नदीनालाहरु सफा राख्छु। वाग्मती नदीको स्वच्छता र पवित्रता कायम राख्न मन, वचन र कर्मले लाग्नेछु।' यो नाराले प्रत्येक हप्ता शनिबार बिहान दुई घण्टा वाग्मती नदी किनारमा उपस्थित भएर सफाइ अभियानकर्मीले माथि उल्लेखित शपथ लिएसँगै वाग्मती सफाइ महाअभियान शुरु हुन्छ।

यसरी सफा गर्न थालिएको पनि गत शनिबार ४७८ हप्ता पुगेको छ। हाल राजधानीमा वाग्मतीका सहायक नदीसँगै चक्रपथ, सम्पदा स्थल एवं उपत्यकाबाहिर पनि मुख्य शहर, नदी एवं सांस्कृतिक स्थल गरी १०६ भन्दा बढी स्थानमा सफाइ भइरहेको छ। विसं २०७० जेठ ५ गतेदेखि तत्कालीन मुख्यसचिव लीलामणि पौडेलको अग्रसरतामा पशुपति क्षेत्रबाट वाग्मती सफाइ महाअभियान शुरु भएको हो। रासस

# मुक्तकमैयाको समस्या पहिचान र समाधानका उपाय खोज्नुस् : प्रधानमन्त्री देउवा



काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले मुक्त कमैयाको समस्या पहिचान र समाधानका उपाय खोज्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनुभएको छ।

सोमबार यहाँ कमैया मुक्त घोषणाको २२ वर्ष पुगेका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले यस कुप्रथाको निर्मूल गर्न जरुरी भएकाले आवश्यक काम कारबाहीका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिनुभएको हो।

हरुवाचरुवालगायत कमैया श्रमिकको मुक्तिका साथसाथै तिनका परिवारका लागि रोजगारीको अवसरको सिर्जना गरी आयआर्जन बढाउने कार्य पनि उत्तिकै आवश्यक रहेको भन्दै त्यसतर्फ ध्यान दिन सम्बन्धित सबैलाई प्रधानमन्त्रीले आग्रह गर्नुभयो।

कार्यक्रममा उहाँले भन्नुभयो, "मुक्तकमैयालाई आत्मनिर्भर बनाउँदै उनीहरुको स्वतन्त्रता, स्वाभिमान र आत्मसम्मान बढाउन तीनवटै तहका सरकार र सरोकारवाला प्रतिबद्ध हुन आवश्यक छ।" यस किसिमको श्रमिक परिवारको दिगो सामाजिक आर्थिक उन्नतिका लागि सीप र क्षमता विकास गर्दै उनीहरुलाई आत्मनिर्भर बनाउन र उद्यमशीलता बढाउन विशेष लक्षित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न पनि सम्बद्ध सबै निकायलाई प्रधानमन्त्रीले निर्देशन दिनुभयो।

कमैया प्रथा निषेध गर्नेसम्बन्धी ऐन विसं २०५८ मार्फत हरुवाचरुवालगायत सबै किसिमका कमैया श्रमिक परिवारको असमान श्रम सम्बन्ध र शोषणयुक्त प्रथाको अन्त्य तथा ऋण मोचन गरिसकेको पनि कार्यक्रममा प्रधानमन्त्रीले जानकारी गराउनुभयो।

सबै किसिमका शोषण, विभेद र अन्यायमुक्त नेपाल निर्माणमा सबैको निरन्तर प्रयास आवश्यक रहेको भन्दै उहाँले सबैप्रति आग्रह गर्नुभयो। यस अवसरमा उहाँले सम्पूर्ण मुक्तकमैयालाई सुखी र सम्मान पूर्ण जीवनयापनको शुभकामना पनि व्यक्त गर्नुभएको छ।रासस

# नागरिकतासम्बन्धी विधेयक जतिसक्दो चाँडो पारित गर्नुपर्ने माग

काठमाण्डु। सङ्घीय संसद्, राष्ट्रियसभाका सांसदहरुले नागरिकतासम्बन्धी विधेयक जतिसक्दो चाँडो पारित गर्नुपर्ने माग गर्नुभएको छ।

सभाको आजको बैठकको सुरुमै दलीय आधारमा बोल्दै नेकपा (एमाले) का सांसद खिमलाल भट्टराइले भन्नुभयो, "नागरिकताको विषय धेरै गम्भीर विषय हो, यसलाई द्रुत गतिबाट छिटो टुङ्ग्याउनुपर्छ, राष्ट्रिय सभाबाट छिटोभन्दा छिटो पास गर्नुपर्छ, सरकार यसमा गम्भीर बन्नैपर्छ।"

सबै राजनीतिक पार्टीको राजनीतिक यात्रा विकासको निम्ति हुनुपर्नेमा जोड दिँदै उहाँले पछिल्लो समयमा बढदै गएको महँगीको अन्त्य गर्नुपर्ने माग गर्नुभयो। सङ्घीयतालाई बलियो बनाउनेभन्दा पनि कमजोर बनाउने गरी सरकारले गतिविधि गरिरहेको उहाँले टिप्पणी गर्नुभयो।

रुपन्देदीको तिलोत्तमा नगरपालिकामा आइतबार भएको घटनाबारे आपत्ति जनाउँदै उहाँले त्यसबारे गृहमन्त्रीको जवाफ माग गर्नुभयो। उहाँले सार्वजनिक लेखा समितिको सभापति आफैँले लेखापरीक्षण गरेको भन्दै राजीनामाको माग गर्नुभयो।

नेकपा (माओवादी केन्द्र) का सांसद बिना पोखरेलले नागरिकता विधेयक राष्ट्रियतासँग जोडिएको संवेदनशील विषय भएको जनाउँदै नागरिकतासम्बन्धी विधि सरल भए पनि नीति कठोर हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "नागरिकताको विषयमा छिमेकी मुलुकको गरेको कानुनी व्यवस्था र प्रयोगलाई पनि हेरिनु पर्दछ, नागरिकता प्रदान गर्ने विधि सरल तर नागरिकतासम्बन्धी हाम्रो नीति भने कठोर हुनुपर्दछ।"

नेपाली कांग्रेसका सांसद जीतेन्द्रनारायण देवले नेपालको परराष्ट्र नीति प्रष्ट र एकरुपता हुनुपर्नेमा जोड दिनुभयो। उहाँले एमसिसीका बारेमा भएका टिका टिप्पणीबारे सरकारको प्रष्ट धारणा बन्नुपर्ने धारणा राख्नुभयो।रासस

# वर्तमान संसद्को कार्यकाल बारेमा छलफल शुरु : सभामुख सापकोटा



काठमाण्डु। सभामुख अग्निप्रसाद सापकोटाले सङ्घ र प्रदेशको निर्वाचनको मिति घोषणाको चर्चासँगै वर्तमान प्रतिनिधिसभाको कार्यकाल कहिलेसम्म रहने भन्नेमा छलफल शुरु भएको बताउनुभएको छ।

संसदीय समाचार संकलन गर्दै आएका पत्रकारसँग आज भएको अन्तरक्रियामा उहाँले निर्वाचन घोषणापछि संसद्को अवस्था के हुने भन्ने बारेमा उपसभामुखको शपथका दिन राष्ट्रपति कार्यालयमा सामान्य कुराकानी भएको सुनाउनुभयो।

उक्त समारोहमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, राष्ट्रियसभाका अध्यक्षसँग यस बारेमा सामान्य छलफल भएको थियो', उहाँले भन्नुभयो, 'छलफल गर्दै जाउँ के निष्कर्ष निस्कन्छ, त्यही गरौँ भन्ने विषयमा कुराकानी भयो।' छलफलका क्रममा संसद् को कार्यकाल मनोनयन गर्ने दिनसम्म रहन्छ भन्ने सबैको बुझाइ रहेको उहाँले बताउनुभयो।

संसद्को कार्यकाल नसकिँदै विघटन हुँदा सभामुख र उपसभामुख बाहेक सांसदको पद नरहने अवस्था हो', सभामुख सापकोटाले भन्नुभयो, 'यसबारेमा संविधानविद्सँग छलफल गरेर निष्कर्षमा पुगिन्छ।'

**मन्त्री हेरफेरका कारण विधेयकमाथिको छलफल प्रभावित**

सभामुख सापकोटाले सङ्घीय सरकारका मन्त्री हेरफेरका कारण संसद् सचिवालयमा दर्ता भएका विधेयकमाथिको छलफल अगाडि बढाउन समस्या भएको बताउनुभयो। संसद्को चालु अधिवेशन बजेट अधिवेशन भए पनि महत्वपूर्ण विधेयक पारित भएको र केही विधेयक छलफलकै क्रममा रहेको उहाँले बताउनुभयो।

चालु अधिवेशनबाट १५ विधेयक पारित भएको छ, पाँच समितिका साथै विभिन्न संवैधानिक आयोगका प्रतिवेदन संसद्मा पेश भएका छन्', उहाँले भन्नुभयो, 'विघटन र अवरुद्धका बीच चलेको संसद्ले जनतालाई आशा जगाउने काम गरेको छ।'

विभिन्न संसदीय समितिका सभापति पद रिक्त रहेका सम्बन्धमा आफ्नो ध्यानाकर्षण भएको जनाउँदै उहाँले समितिका सभापतिको निर्वाचन गर्न प्रधानमन्त्रीसँग आफूले संवाद गरिरहेको बताउनुभयो। ढिलै भए पनि उपसभामुखको निर्वाचन भएसँगै संसद्को काम अझ प्रभावकारी ढंगबाट अगाडि बढ्ने उहाँको विश्वास छ।रासस

# खानेपानी विधेयकमाथि विचार गरियोस भन्ने प्रस्ताव स्वीकृत

काठमाण्डु। राष्ट्रियसभाको सोमबारको बैठकमा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'खानेपानी विधेयक, २०७६ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ।

बैठकमाविधेयककोसैद्धान्तिक पक्षमा भएको छलफलमा उठेका विषयमा जवाफ दिँदै खानेपानी मन्त्री उमाकान्त चौधरीले खानेपानी तथा सरसफाइ संविधानको मौलिक हक रहेकाले त्यसको व्यवस्थापन गर्नुपर्ने सरकारको दायित्व भएको बताउँदै मन्त्री चौधरीले हालसम्म जलस्रोत ऐनबाट काम गर्नुपरेकाले यो विधेयक अपरिहार्य भएको बताउनुभयो।

पहाडमा पानीका मुहान सुक्दै गएकामा चिन्ता व्यक्त गर्दै मन्त्री चौधरीले सार्वजनिकस्थल र विद्यालयमा शौचालय र पानीको उपलब्धतता नभएको स्थितिमा दिगो विकासका लक्ष्य पूरा गराउन यो विधेयक पारित भएपछि सहज हुने बताउनुभयो।

सांसद्हरुले स्थानीय खोलानालाको संरक्षण गरेर सहजरुपमा शुद्ध खानेपानीको उपलब्धताका लागि योजना ल्याउन तथा एक घर एक धाराको प्रबन्ध गर्न माग गरेका थिए।

सैद्धान्तिक पक्षमा सांसदहरु डा खिमलाल देवकोटा, डा बिमला राई पौडेल, अनिता देवकोटालगायतले छलफलमा भाग लिनुभएको थियो। सभाको अर्को बैठक यही साउन ४ गते बुधबार दिउँसो १ बजे बस्नेछ।रासस


# बागमती प्रदेशसभा बैठक साउन ५ गते

मकवानपुर। बागमती प्रदेशसभाको बैठक यही साउन ५ गते बस्ने भएको छ। प्रदेशसभाको १० औं अधिवेशनको २६ औं बैठक साउन ५ गते बिहीबार दिनको १ बजे बस्ने निर्णय भएको प्रदेशसभा सचिवालयले जनाएको छ।

बागमती प्रदेशसभा, कार्यव्यवस्था परामर्श समितिको आइतबार बसेको बैठकले सो निर्णय गरेको प्रदेशसभाका प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिनुभयो।

यसअघि असार २९ गते बसेको उक्त बैठकले पाँचवटा अध्यादेश स्वीकृत गर्दै अनिश्चितकालका लागि स्थगन गरेको थियो।रासस

# प्रेस युनियनको महाधिवेशनको तयारी अन्तिम चरणमा, प्रधानमन्त्री देउवाले उद्घाटन गर्ने



मकवानपुर। नेपाल प्रेस युनियनको यही साउन ६ र ७ गते बागमती प्रदेशको राजधानी हेटौंडामा हुने नवौं राष्ट्रिय महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेको छ।

हेटौंडाको रोयल पार्टी प्यालेसमा हुने महाधिवेशन कार्यक्रमलाई प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले उद्घाटन गर्ने कार्यक्रम तय भएको स्थानीय समन्वय समितिका सहसंयोजक गिरिजाप्रसाद अधिकारीले जानकारी दिनुभयो।

उहाँले युनियनको महाधिवेशनका लागि आवास, भोजन, अधिवेशनस्थल व्यवस्थापनलगायतका तयारी पूरा भइसकेको र स्वागत गेट निर्माण, निमन्त्रणा कार्ड, ब्यानर बनाउनेलगायतका कार्य पनि तीव्रताका साथ भइरहेको जानकारी दिनुभयो।

आवासका लागि हेटौंडा, मकवानपुरगढी, अम्लेखगञ्ज र सौराहाका होटल बुकिङ गरिएको तथा महाधिवेशनस्थल नजिकै भोजनको व्यवस्थापन मिलाइएको उहाँले जानकारी दिनुभयो। महाधिवेशनमा देशभरका करिब एक हजार ६०० प्रेस युनियनका प्रतिनिधि र अतिथिको सहभागिता रहने उहाँले बताउनुभयो।

साउन ६ गते उद्घाटन हुने महाधिवेशनले युनियनको नयाँ कार्यसमितिसमेत निर्वाचित गर्ने जनाइएको छ। महाधिवेशन सम्पन्न गर्नका लागि युनियनले केन्द्रीय सदस्य एवं बागमती प्रदेश संयोजक राममणि दाहालको संयोजकत्वमा स्थानीय समन्वय समिति गठन गरेको थियो। त्यसको सहसंयोजकमा केन्द्रीय सदस्य अधिकारी रहनुभएको छ।

आवास व्यवस्थापन समिति संयोजककोजिम्मेवारीमारुपेशदुलाल, भोजन व्यवस्थापनमा सुजन विडारी, पोष्टराज अधिकारीको संयोजकत्वमा सचिवालय व्यवस्थापन र प्रचारप्रसार केशव समपर्णको नेतृत्वमा भइरहेको जनाइएको छ। महाधिवेशन सम्पन्न गर्नका लागि युनियनका केन्द्रीय अध्यक्ष बद्री सिग्देलको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ।

स्वागत सत्कार समिति संयोजकमा उपाध्यक्ष ईश्वरी ओझा, विधान मस्यौदा संशोधन समितिको संयोजकमा वरिष्ठ उपाध्यक्ष दीपक आचार्य रहनुभएको छ भने कार्यवाहक महासचिव भीष्मराज ओझाले प्रतिनिधि व्यवस्थापनको काम गरिरहनुभएको छ। कोषाध्यक्ष सरोजअधिकारीको संयोजकत्वमा आर्थिक व्यवस्थापन समिति र तेज रावलको अध्यक्षमा निर्वाचन समिति गठन गरी तीव्रताका साथ महाधिवेशन लक्षित कार्य भइरहेको कार्यबाहक महासचिव ओझाले बताउनुभयो।रासस

# पर्यटन पुनरुत्थानका लागि योजनाबद्ध कार्यक्रम ल्याइन्छ : पर्यटनमन्त्री श्रेष्ठ

काठमाण्डु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले कोभिड-१९ महामारीबाट प्रभावित मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थानका लागि मन्त्रालयले योजनाबद्ध कार्यक्रम अघि बढाउने बताउनुभएको छ।

नेपालको पर्यटन क्षेत्रको पुनरुत्थानबारे आज मन्त्रालयमा सरोकारवालाहरुसँगको छलफलमा उहाँले सरकार र निजी क्षेत्रको साझेदारीमा पर्यटन पुनरुत्थानको कामलाई प्रभावकारीरूपमा अघि बढाउने विश्वास व्यक्त गर्नुभयो। पर्यटनमन्त्री श्रेष्ठले पर्यटन पुनरुत्थानका लागि गठित समितिले हालै मन्त्रालयलाई प्रतिवेदन बुझाइसकेकाले छलफलमा उठेका थप विषय र सुझावलाई समेटेर सोही आधारमा कार्यक्रम तयार गरिने बताउनुभयो।

उहाँले भन्नुभयो, 'कोभिडपछिको पर्यटन पुनरुत्थानको योजना बनाउन गठित समितिले मन्त्रालयलाई प्रतिवेदन बुझाइसकेको छ। प्रतिवेदनमा नसमेटिएका विषयलाई छलफलबाट आएका सुझावलाई आधार मानेर तत्काल र दीर्घकालीनरूपमा गर्नुपर्ने कामको योजनाबद्ध कार्यक्रम तय गरेर अघि बढ्छौँ।

मन्त्री श्रेष्ठले मन्त्रालय र मातहत निकायका काम कारबाहीलाई प्रभावकारी र परिणाममुखी बनाउन समयसापेक्ष नीतिगत सुधारका कामलाई पनि सँगै अघि बढाइने प्रतिबद्धता जनाउनुभयो। उहाँले पर्यटन क्षेत्रमा भएका कतिपय विकृति नियन्त्रण गर्न सरोकारवालाको सक्रिय सहयोग चाहिने खाँचो औंल्याउनुभयो।

कोभिडले पर्यटन क्षेत्रमा पारेको प्रभाव र आगामी रणनीतिबारे राय सुझाव लिने उद्देश्यले आयोजना गरिएको छलफलमा पर्यटन क्षेत्रका अगुवा सङ्गठनका प्रमुख एवं प्रतिनिधिले पर्यटन पुनरुत्थानको कामलाई योजनाबद्ध प्रभावकारीरूपमा अघि बढाउन, नीतिगत सुधारदेखि सेवा सुदृढीकरणका बारेमा सुझाएका थिए।

होटल सङ्घ नेपाल (हान) का अध्यक्ष सिर्जना राणाले राज्यले पर्यटनलाई प्राथमिकतायुक्त उद्योगका रूपमा मान्यता दिएर यस क्षेत्रको विकासका लागि लगानी आकर्षण र प्रोत्साहनका कार्यक्रम ल्याइनुपर्नेमा जोड दिनुभयो।

ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) का अध्यक्ष खुमबहादुर सुवेदीले अन्तर्राष्ट्रिय प्रवर्द्धनको कामलाई प्रभावकारीरूपमा अघि बढाइनुपर्ने खाँचो औंल्याउनुभयो। नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमानुरु शेर्पाले पर्वतीय पर्यटनसम्बन्धी स्पष्ट नीति आवश्यक रहेको भन्दै हिमाल आरोहण क्षेत्रलाई व्यवस्थितरूपमा अघि बढाइनुपर्ने बताउनुभयो।

पर्यटन व्यवसायी दीपक महत, शिव अधिकारी, कुमार खड्का, विभूतिचन्द ठाकुर, कुमारमणि थपलिया, घनेन्द्र श्रेष्ठलगायतले पर्यटन क्षेत्रका चुनौती र सम्भावनाबारे धारणा राख्नुभएको थियो। कार्यक्रममा मन्त्रालयका उपसचिव सरोज पोखरेलले पर्यटनको अवस्था र आगामी योजनाबारे संक्षिप्त प्रस्तुती दिनुभएको थियो।रासस

# हिमाल आरोहण गराउने कर्णाली सरकारको लक्ष्य अधुरै

कर्णाली। प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले काञ्जिरोवा हिमाल आरोहण गराउने उद्देश्यले आर्थिक वर्ष २०७८/७९ मा दुई पटक सूचना प्रकाशित गर्‍यो।

दुवैपटकको सूचनामा आरोहण गराउन इच्छुक कम्पनीको आवेदन परेन। आरोहण दलमार्फत अन्तर र्ष्ट्रियस्तरसम्म कर्णालीका हिमालको पहिचान गराउने उद्देश्यले मन्त्रालयले रु ६० लाख विनियोजन गरेको थियो। अन्ततः निःशुल्कः काञ्जिरोवा हिमाल चढ्न कुनै पनि पर्वतारोही कम्पनी तथा आरोहण दल तयार नहुँदा उक्त बजेट फिर्ता हुन पुग्यो।

मन्त्रालयले आर्थिक वर्ष २०७९/८० मा पुनः यो कार्यक्रमलाई निरन्तरता दिएको छ। मन्त्रालयका सचिव मोहनदेव जोशीले एकातिर सगरमाथा लगायतका पूर्वतिरका हिमाल आरोहण गर्ने समय जुध्नु र अर्कातिर हिमाल आरोहणलाई सार्वजनिक खरिद ऐन अनुसार वस्तु या सेवा कुन मान्नेमा परामर्शदाता द्विविधामा परेकाले काञ्जिरोवा हिमाल आरोहण गराउने प्रदेश सरकारको लक्ष्य पूरा हुन नसकेको बताउनुभयो।

"हामीले सार्वजनिक सूचनामा सेवामूलक भनेर उल्लेख गर्‍यौं, तर पर्वतारोहणसम्बन्धी कम्पनीले यसलाई वस्तुका रुपमा प्रस्ताव खरिद गर्नुहुँदोरहेछ", उहाँले भन्नुभयो, "काञ्जिरोवा हिमाल सगरमाथाजस्तो व्यावसायिक उडान भएको हिमालमा परेन, त्यहाँको जस्तो फोहर पनि जम्मा हुँदैन, त्यही भएर मन्त्रालयले वस्तु नभइ सेवाका रुपमा प्रस्ताव माग्यो, आरोहण कार्यक्रमलाई वस्तु मान्न सकेनौं, जसले गर्दा प्रस्तावक आवेदनमै द्विविधामा परे।" डोल्पाको शे-फोक्सुन्डो गाउँपालिका-९ मा अवस्थित काञ्जिरोवा हिमाल छ हजार ८८३ मिटरमा उचाइँमा छ। काञ्जिरोवा हिमालमा अहिलेसम्म व्यावसायिक आरोहण भएको छैन। ट्रेकिङ र पर्वतारोहणका लागि यो क्षेत्र निकै महत्वपूर्ण रहेपनि प्रचारप्रसारको अभावमा ओझेलमा छ।

डोल्पामा समुद्री सतहबाट पाँच हजार मिटरभन्दा माथि बाह्रैमहिना हिउँले ढाकिने क्षेत्र पर्दछ। यहाँ छ हजार मिटर अग्ला धौलागिरी, चुरेन, पुँठा हिमचुली, माउन्ट पुथा हिमचुली, मुकोट हिमाल, डाँफे शैल, अरनिको चुलीलगायत पर्दछन्। काञ्जिरोवा हिमाल सन् १९५० को दशकमा बिट्रिस अन्वेषक जोन बेयर्ड टायसनले पत्ता लगाउनुभएको बताइन्छ।

मन्त्रालयले नेपालका आठ हजार मिटरभन्दा अग्ला उचाइँका हिमाल चढेको, हिमाल आरोहणको तालिम लिएको र स्वस्थ हुनुपर्ने लगायतका मापदण्ड तोकेको थियो। त्यस्त, आरोहण दलले कम्तीमा आठ घण्टाको वृत्तचित्र निर्माण गर्नुपर्ने, १०० वटा फोटोग्राफी, १० वडा भिडियो, एक वर्षसम्म आरोहीले फेसबुक, इन्स्ट्राग्राम पेजमार्फत मन्त्रालयलाई मेन्सन गर्नुपर्ने शर्त राखेको थियो। चालु आर्थिक वर्षमा यो कार्यक्रम सफल बनाएर कर्णाली हिमाल आरोहणलाई उपयुक्त छ भन्ने सन्देश दिन खोजिएको सचिव जोशीको भनाइ छ।

"कर्णालीका हिमालको पहिचान, विश्वमा प्रचारप्रसार हुने उद्देश्यका साथ यसवर्ष पनि निरन्तरता दिएका छौँ," उहाँले भन्नुभयो, "हिमाल आरोहण खुला गर्दा पर्यटक भित्रिनुका साथै आम्दानीको स्रोत बढ्न पुग्छ।"रासस


## श्री त्रिभूवन आदर्श माध्यमिक विद्यालय

बिन्धी, धनुषा (नेपाल)

**सूचना ! सूचना !! सूचना !!!**

यस श्री त्रिभूवन आदर्श मा.वि. बिन्धी नाममा दर्ता कायम रहेको तपसिल अनुसारको विवरण भएको पोखरी/डवरा (२०७९/४/१ - २०८४ आषाढ मसान्त) ५ वर्षको लागि निम्न सर्तका आधारमा गोप्य खामबन्दीबाट ठेक्का लगाउनु परेकोले सम्बन्धित इच्छुक व्यक्तिहरुलाई ठेक्काको लागि फारम भर्न अनुरोध गरिन्छ।

| क्र.सं. | ठेगाना | कि.नं./क्षे.फ. | न्यूनतम वार्षिक रकम | प्रयोजन | टेन्डर खरिद फारम दस्तुर | फारम वितरण मिति | फारम दर्ता अन्तिम मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | जि.ध. ज.उ.म.न.पा. २३ | ८२४/- १-१२-१२ | १२१५५२५।- | माछा पालन | ५००/- | २०७९/४/५ २०७९/४/१५ | २०७९/४/१६ विहान १० बजे देखि दिउँसो २:०० बजे सम्म | |
| २ | जि.ध. ज.उ.म.न.पा. २३ | ४७/- ०-१६-१५ | २०५०००।- | माछा पालन | ५००/- | | टेण्डर खुल्ने समय २०७९/४/१६ गते दिउँसो २:३० बजे | |

**आवश्यक कागजात**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, बैंकको भौचर।

१. कबोल गरेको ५ वर्षको कूल रकमको ५% रकम विद्यालयको ने.बैगलि. हि.नं. ००८००१००४६४१६४००००००१ मा जम्मा गरी सक्ने भौचर।
२. भौचर ठेक्का भर्ने व्यक्तिको नाम कै हुनु पर्छ।
३. ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र प्रथम किस्ताको रकम विद्यालयको खातामा जम्मा गरी धनजमानतको आवश्यक कागजातसहित चलन पूर्जिको लागि निवेदन दिनु पर्नेछ। धनजमानी प्रक्रिया समाप्त भए पछि चलन पूर्जीको प्रक्रिया अगाडी बढाइनेछ। समयमा निवेदन नदिए ठेक्काको धरौटी रकम जफत गरी सो भन्दा घटी बालाको नाममा ठेक्का स्वीकृत हुने छ।
४. कवोल गरेको रकमको कम्तीमा तिन वर्ष बमोजिम रकमको धन जमानी राख्नु पर्नेछ।
५. पहिलो किस्ता समाप्त हुन १ महिना अगाडी अर्को किस्ताको रकमको बैंक भौचर सहित अर्को सालको चलन पूर्जिको लागि निवेदन दिनुपर्ने छ।
६. तीन भन्दा कम टेन्डर भरिएमा टेन्डर खोल्ने मिति सारिनेछ। थप टेन्डर भर्न समय दिइनेछ।
७. विद्यालयको रकम बाँकी र उक्त व्यक्तिसँग कारोवार गरको व्यक्तिको नाममा ठेक्का स्वीकृत हुने छैन।
८. ठेक्का स्वीकृतिको अन्तिम निर्णय विद्यालयमा निहित हुनेछ।
९. थप जानकारीको लागि विद्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

**सम्पर्क नं.** : ९८४४०२१२०९, ९८४४०२१८४५

**प्रधानाध्यापक**

# सुडानको जातीय दङ्गामा परी ६५ जनाको मृत्यु

**सिन्ह्वा**

खार्तोम । सुडानको खार्तोममा भएको जातीय दङ्गामा परी मृत्यु हुनेको संख्या ६५ पुगेको बताइएको छ । सुडानको ब्लु नाइल प्रदेशमा भएको सो जातीय दङ्गाको घटनामा परी आइतबार बिहानसम्ममा मृत्यु हुनेको संख्या ६५ जना पुगेको यहाँको अल सुडान दैनिक पत्रिकाले जनाएको छ।

सुडानको ब्लु नाइल प्रदेशका केही ठाउँमा जातीय दंगा भएका छन्, ती घटनामा परी कम्तीमा पनि ६५ जनाको मृत्यु भएको उक्त दैनिक पत्रिकाले जानकारी दिएको छ। सो दङ्गामा परेर अरु दर्जनौं व्यक्ति घाइते पनि भएका यहाँका एक सुरक्षा समितिले जारी गरेको वक्तव्यमा जनाइएको छ।

झडपका क्रममा कैयौं पसलहरु क्षतिग्रस्त भएका छन् भने केही घरमा आगजनी पनि गरिएको अधिकारीहरूले जानकारी दिएका छन् ।आइतबारसम्म सुरक्षाकर्मीहरूले परिस्थिति नियन्त्रणमा लिइसकेको जनाएका छन्



भने केही शंकास्पद व्यक्तिहरूलाई पक्राउ गरेका छन् । सुरक्षा समितिले घटनास्थलमा कर्फ्यु आदेश जारी गरेको छ । कर्फ्यु लगाइएको क्षेत्रमा मानिसहरुलाई आवतजावत र भिडभाड गर्न निषेध गरिएको छ । स्थानीय बेर्टी र हौसा जातीय समूहका बीचमा झडप भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । उनीहरूले विभिन्न हतियारको प्रयोग गरेका थिए । अफ्रिकी मुलुक सुडानको पूर्वी क्षेत्रमा पर्ने ब्लु नाइल प्रदेश इथियोपियाको सीमा क्षेत्र हो । सुडानमा लामो समयदेखि विभिन्न आन्तरिक द्वन्द्व तथा राजनीतिक सङ्कट छ।

# इरानमा कोभिडको सातौँ लहर

**सिन्ह्वा**

तेहरान । इरानका स्वास्थ्यमन्त्रीले देशमा कोभिड १९ सातौँ लहर आएको जानकारी दिएका छन् ।

स्वास्थ्यमन्त्री बहराम एइनोल्लाहीले देशमा कोरोना महामारीको सातौं लहर सुरु भएको बताएका हुन्।

आइतबार आयोजना गरिएको पत्रकार सम्मेलनमा उनले देशमा कोरोना महामारीको सातौं लहर सुरु भएकाले थप सतर्कता अपनाउन आग्रह गरेका छन् ।

उनले सबै इरानीहरुलाई कोभिड खोपको बुस्टर मात्रा लिन र महामारीबाट बच्नका लागि आवश्यक स्वास्थ्यका मापदण्ड अपनाउन आग्रह गरेका छन्। स्वास्थ्यमन्त्री बहरामले आइतबार पाँच हजार ७०० भन्दा बढी नागरिकमा कोभिडको सङ्क्रमण देखा परेको र १३ जनाको ज्यान गएको बताएका छन्।

ती नयाँ संक्रमितहरुमध्ये ६ सयभन्दा बढीलाई अस्पताल भर्ना गर्नु परेको जानकरी पनि उनले दिएका छन् । इरानमा अहिलेसम्म ७२ लाखभन्दा बढी सङ्क्रमित भएका छन् भने एक लाख ४१ हजारभन्दा बढी नागरिकको ज्यान गइसकेको छ।

# साफ च्याम्पियनसिप खेल्ने नेपाली फुटबल टोलीको घोषणा



काठमाण्डु । भारतमा आयोजना हुने साफ यु-२० पुरुष च्याम्पियनसिपका लागि अखिल नेपाल फुटबल सङ्घले सोमबार २३ सदस्यीय नेपाली फुटबल टोलीको घोषणा गरेको छ।

यही साउन ९ देखि २० गतेसम्म भारतको भुवनेश्वरमा आयोजना हुने उक्त च्याम्पियनसिपका लागि यु-२० का मुख्य प्रशिक्षक मेघराज केसीले ३० सदस्यीय खेलाडीबाट अन्तिम टोलीको छनोट गर्नुभएको हो । छनोट हुने खेलाडीको गोलकिपरमा ईश्वर गुरुङ, उनेश चौधरी र जियारथ शेख छन्।

यसैगरी डिफेन्डरमा अमर श्रेष्ठ, सोनित दाहाल, आयुश श्रेष्ठ, अजय चौधरी, सुमित श्रेष्ठ, सृजन धानी, रोशन थापा र अभिशेक वाइवा रहेका छन् । मिडफिल्डरमा दीपेश गुरुङ, आशिष राई, सन्दिप कार्की, जन्मजय धामी, मोहित गुरुङ, कृतिषरत्न छुन्जु, सुगम सुवाल, मनग्य नकर्मी र आयुष घलान छन् भने फरवार्डमा दीपेश राई, निरञ्जन मल्ल र रोहन खड्गी रहेका छन्।

उक्त प्रतियोगितामा आयोजक भारतसँगै नेपाल, बङ्गलादेश, माल्दिभ्स र श्रीलङ्का गरी पाँच टोलीको सहभागिता रहेको छ । नेपालले उक्त प्रतियोगिताको उद्घाटन खेलमा माल्दिभ्सको सामना गर्नेछ। उक्त खेल यही साउन ९ गते हुनेछ।

यसैगरी नेपालले आफ्नो दोस्रो खेल साउन ११ गते श्रीलङ्काको सामना गर्नेछ भने तेस्रो खेल आयोजक भारतसँग खेल्नेछ। नेपालले भारतसँग साउन १५ गते खेल्नेछ। त्यस्तै नेपालले साउन १७ गते बङ्गलादेशको सामना गर्नेछ। प्रतियोगितामा शीर्ष दुई स्थान हात पार्ने टोलीले फाइनल खेल्नेछन्।

# भारतमा एक दिनमा १६ हजार ९३५ सङ्क्रमित

**सिन्ह्वा**

नयाँदिल्ली। भारतमा बितेका २४ घण्टामा १६ हजार ९३५ जना कोरोनाका सङ्क्रमित फेला परेका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ।

यसअघि एक दिनमा २० हजार पाँच सय २८ सङ्क्रमित फेला परेका सो मन्त्रालयले आइतबार जनाएको थियो। भारतमा हाल एक लाख ४४ हजार २५४ जना सक्रिय सङ्क्रमित छन्। यो कुल सङ्क्रमितको ०.३३ प्रतिशत भएको जनाइएको छ। हाल भारतमा कोरोना सङ्क्रमितको कुल सङ्ख्या चार करोड ३७ लाख ६७ भन्दा बढी पुगेको छ।

पछिल्लो एक दिनमा १६ हजार ६९ कोरोना सङ्क्रमणमुक्त भएका छन्। योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३० लाख ९७ हजार ५१० पुगेको छ। कोरोना भाइरस सङ्क्रमण निको भएको यो दर ९८.४७ भएको जनाइएको छ।

बितेका २४ घण्टामा कोरोना सङ्क्रमणबाट ५१ जनाको मृत्यु भएको छ। कोरोना महामारीबाट हालसम्म पाँच लाख २५ हजार ७६० जनाको मृत्यु भएको छ। माहामारी शुरु भएयता हालसम्म ८६ करोड ८८ लाखभन्दा बढीको कोरोना परीक्षण भएको छ।

भारतमा सन् २०२१ को जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको हो। हालसम्म कोरोनाविरुद्ध दुई अर्ब भन्दा बढी मात्रा खोप लगाइएको छ।

# युक्रेनी सुरक्षा प्रमुख बर्खास्त

**एपी**

किएभ । युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले सुरक्षा सेवाका प्रमुख र राज्यका केही अभियोजकलाईदेशद्रोहररसियासँग साँठगाँठ गरेको आरोपलगायत अन्य धेरै आक्षेप लगाउँदै बर्खास्त गरेका छन्।

सुरक्षा सेवाका प्रमुख इभान बाकानोभ र रुसी युद्ध अपराधको अभियोग निरुपण गर्ने निकायको नेतृत्व गर्ने अभियोजक जनरल इरिना भेनेडिक्टोभालाई बर्खास्त गरेका हुन् । उनीहरुले युक्रेनविरुद्ध रुस नियन्त्रित क्षेत्रहरूमा काम गरेका ,आफ्नो भूमिमा रुसी घुसपैठलाई अनदेखा गरेको, राज्यको राष्ट्रिय सुरक्षालाई वेवास्ता गरेकोलगायत आरोप राष्ट्रपति जेलेन्स्कीले लगाएका छन्।

# यूरोपको झन्डै आधा क्षेत्र खडेरीको 'जोखिममा'

**एएफपी**

ब्रसेल्स। दक्षिण पश्चिम यूरोपमा उग्र गर्मीको लहरसँगै हाल यूरोपेली संघ (ईयू) को झण्डै आधा भू-भाग खडेरीको जोखिममा परेको यूरोपेली आयोगका अनुसन्धानकर्ताहरूले सोमबार चेतावनी दिएका छन्।

यूरोपेली आयोगको संयुक्त अनुसन्धान केन्द्रले हालै सार्बजनिक गरेको प्रतिवेदनमा ईयूको ४६ प्रतिशत भू-भागमा खडेरीको उच्च जोखिम रहेको बताइएको हो।

ईयूको ११ प्रतिशत भू-भागमा खडेरीका कारण विशेष सतर्कता अपनाउनु पर्ने अवस्था रहेको छ भने यहाँका खेतीयोग्य जमिनमा पानीको अभावले लगाइएको बाली प्रभावित बनिसकेको छ।

खडेरीको सबैभन्दा बढी प्रभाब इटाली र यहाँको पनि सबैभन्दा बढी प्रभावित उत्तरमा रहेको 'पो रिभर बेसिन'ले खडेरीको उच्चतम स्तर सामना गरिरहेको रिपोर्टमा उल्लेख छ। स्पेनमा हाल १० वर्षको औसतभन्दा पानीको जलाशयको मात्रा कम भएको र जलाशयको मात्रा अन्य बर्षको यो समयको तुलनामा ३१ प्रतिशतले घटेको उक्त रिपोर्टमा उल्लेख छ। त्यस्तै, पोर्चुगलमा जलविद्युत ऊर्जा उत्पादन गर्ने पानी गत सात वर्षको औसतभन्दा आधा कम छ।

यूरोपेली मौसमविज्ञहरूले पानीको अभाव र तीव्र तापले गर्दा फ्रान्स, रोमानिया, स्पेन, पोर्चुगल र इटालीमा बालीको उत्पादन कम हुने चेतावनी दिए।

*यूरोपेली मौसमविज्ञहरूले पानीको अभाव र तीव्र तापले गर्दा फ्रान्स, रोमानिया, स्पेन, पोर्चुगल र इटालीमा बालीको उत्पादन कम हुने चेतावनी दिए।*

ईयूको मौसम पूर्वानुमान शाखाले पनि यस पहिले नै खडेरीको पूर्वानुमान गरेको छ। शाखाले 'अत्यन्तै गम्भीर स्थिति' को सामना गर्नुपर्ने र कृषि, ऊर्जा र पानीको आपूर्तिमा पर्ने प्रभावलाई झनै चर्काउने जनाएको थियो।

# विमानहरु आकाशमा ठोक्किँदा चारको मृत्यु



**सिन्ह्वा**

लस एन्जलस । संयुक्त राज्य अमेरिकाको नाभाडा राज्यको उत्तरी लस भेगास एयरपोर्टमा आइतबार मध्याह्न यात्रा गरिरहेका साना विमानहरू आकाश ठोक्किँदा चार जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

शुरुमा चार जनाको मृत्यु भएको जनाएको छ । दुर्घटना अझै अनुसन्धान जारी रहेको उत्तरी लस भेगास फायर डिपार्टमेन्टले ट्वीट गरेको छ । पाइपर पीए-४६ अवतरणको तयारी गरिरहेको अवस्थामा सेस्ना १७२ सँग ठोक्किएर दुर्घटना भएको प्रारम्भिक जानकारीले देखाएको छ। प्रत्येक विमानमा दुई जना सवार रहेका जनाइएको छ।

# टि ट्वान्टी लिग खेल्ने टोलीको नाम सार्वजनिक

काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा पहिलो पटक हुन लागेको नेपाल टि-ट्वान्टी लिग खेल्ने चार टोलीको नाम र टिम मालिकको घोषणा भएको छ।




आगामी असोज ८ देखि कात्तिक ५ गतेसम्म आयोजना हुने उक्त प्रतियोगिताका लागि क्यानद्वारा आज यहाँ आयोजित कार्यक्रममा चार टिम र टिम मालिकको नाम सार्वजनिक गरिएको हो । प्रतियोगितामा कान्तिपुर क्यापिटल, लुम्बिनी अल स्टार्स, विराटनगर सुपर किङ्स र जनकपुर रोयल्सले प्रतिस्पर्धा गर्नेछन् । कान्तिपुरको टिम मालिकमा महेश्वर स्वाँर, लुम्बिनीको सञ्जय शर्मा, विराटनगरका विक्रम यादव र जनकपुरका गौरीशङ्कर धामनी रहनुभएको छ।

पहिलो संस्करणको उक्त प्रतियोगितामा ६ टोलीले प्रतिस्पर्धा गर्ने क्यानले जनाएको छ । बाँकी दुई टिमको नाम र मालिक भने चाँडै सार्वजनिक गरिने क्यानका अध्यक्ष चतुरबहादुर चन्दले बताउनुभयो। क्यानले आयोजना गर्न लागेको पहिलो फ्रेन्चाइज क्रिकेट प्रतियोगितालाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले मान्यतासमेत दिएको छ भने क्यानले उक्त प्रतियोगितालाई नेपालको आधिकारिक फ्रेन्चाइज लिग मानेको छ।रासस

# लुगा हटाउन लगाइएको भन्दै अविभावकद्वारा मुद्दा दर्ता

**एएनआई**

कोल्लम (केरला/भारत) । छात्राहरूलाई परीक्षा कक्षमा प्रवेश गर्नुअघि आफ्नो भित्री लुगा हटाउन भनिएको भन्दै केरलामा घटनाबाट रूष्ट अविभावकले प्रहरीमा उजुरी दिएका छन्। स्थानीय मार थोमा इन्स्टिच्युट अफ इन्फरमेशन टेक्नोलोजीमा राष्ट्रिय योग्यता प्रवेश परीक्षा (नीट) का लागि उपस्थित छात्राहरूलाई परीक्षा कक्षमा प्रवेश गर्नुअघि आफ्नो भित्री लुगा हटाउन आग्रह गरिएको पिडित छात्राहरूले बताएका छन्।

कोल्लममा एक विद्यार्थीले प्रहरी उपरीक्षकमा उजुरी दर्ता गरेपछि घटना प्रकाशमा आएको हो। रिपोर्टअनुसार, अविभावकहरूले उक्त छात्राहरूलाई अन्य छात्र तथा परीक्षामा खटाइएका पुरुष 'इन्भिजिलेटर'को अगाडि भित्री लुगा नलगाई परीक्षामा उपस्थित हुन बाध्य गराइएको भन्दै यसले उनीहरूलाई मानसिक तथा शारीरिक तवरमा विचलित तुल्याएको दावी गरेका छन्।

मेरी छोरी ८ कक्षादेखि नै नीट परीक्षाको तयारीमा जुट्दै छिन्। हामी विश्वस्त थियौं कि उनले परीक्षामा राम्रो श्रेणी प्राप्त गर्नेछिन् तर यस मुद्दाको कारण उनको ध्यान मनोवैज्ञानिकरूपमा अन्यत्र गएका कारण परीक्षामा राम्रो गर्न सकिनन्,' रूष्ट एक विद्यार्थीका पिताले एएनआईसँग भने । राष्ट्रिय परीक्षण एजेन्सी (एनटीए)को मार्गनिर्देशनलाई उद्धृत गर्दै अभिभावकले भने, "'कुनै पनि प्रकारको भित्री कपडा लगाउन प्रतिबन्ध लगाइएको छैन' । हामीले सबै निर्देशनहरू पालन गरिरहेका थियौं। तर कर्मचारीहरूले भित्री लुगा नहटाईकन कक्षा कोठामा प्रवेश गर्न दिएनन्।' राज्यको महिला आयोगले पनि घटनाको विषयमा छात्राहरूको अधिकार हनन गरिएकोमा 'सुओ मोटो' मुद्दा दर्ता गरेको छ । रिपोर्टअनुसार यस घटनाबारे गुनासोहरू बढिरहेका छन्।

# भारतमा राष्ट्रपति निर्वाचनको मतदान शुरु

**एएफपी**

नयाँदिल्ली। भारतको संसदमा सोमबार नयाँ राष्ट्रपति चयनका लागि मतदान सुरु भएको छ। सन्थाल जनजातिकी द्रौपदी मुर्मुलाई प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारुढ भारतीय जनता पार्टीले औपचारिक रुपमा राष्ट्रपति पदका लागि मनोनयन गरेको छ।

निर्वाचित भएमा उनी भारतको पहिलो आदिवासी राष्ट्रपति र दोस्रो महिला राष्ट्रपति हुनेछिन्। वर्तमान राष्ट्रपति रामनाथ कोविन्द दलित समुदायबाट राष्ट्रपति भएका हुन्। ६४ वर्षीया मुर्मु राजनीतिमा प्रवेश गर्नुअघि पूर्वी राज्यको ओडिशास्थित एक विद्यालयमा शिक्षक थिइन्।

उनले राज्य सरकारमा मन्त्री पदहरू सम्हालिसकेकी छिन् र छिमेकी राज्य झारखण्डको गभर्नर भइन्। मुर्मुले "आफ्नो जीवन समाजको सेवा गर्न र गरिब, दलित र सीमान्तकृतहरूलाई सशक्तिकरण गर्न समर्पित गर्नुभएको छ," भारतीय प्रधानमन्त्री मोदीले उनको उम्मेदवारी घोषणा गरेपछि ट्वीट गरेका थिए। रासस

# बस नदीमा खस्दा १३ जनाको मृत्यु

**सिन्ह्वा**

नयाँ दिल्ली । भारतको मध्यप्रदेशको धार जिल्लामा एउटा बस दुर्घटना हुँदा कम्तीमा १३ जनाको मृत्यु भएको छ।

दु दुर्घटना भएको बस सडकबाट केही तल नर्मदा नदीमा खसेको थियो । उक्त स्थानमा उद्धार कार्य जारी रहेको र १३ जनाको शव पानीबाट बाहिर निकालिएको छ भने १५ जनालाई सकुशल उद्धार गरिएको छ।



बसमा ५५ जनाले यात्रा गरिरहेको अपुष्ट जानकारी मिलेको स्थानीय प्रहरी अधिकारीले बताए।

महाराष्ट्रको दक्षिणपश्चिमी राज्य इन्डोर शहरबाट महाराष्ट्रका लागि छुटेको थियो। मध्यप्रदेशका मुख्यमन्त्री शिवराज सिंह चौहानका अनुसार पाँच जना मृतकको पहिचान भइसकेको छ भने अन्य व्यक्तिको पहिचान अझै खुल्न सकेको छैन।

प्रधानमन्त्री नरेन्द्र मोदीले दुर्घटनामा ज्यान गुमाएका व्यक्तिप्रति श्रद्धासुमन अर्पण गर्दै उनीहरूका आफन्तजनमा समवेदना व्यक्त गरेका छन्।

उनले ट्वीटमार्फत् भनेका छन्, "मध्यप्रदेशमा दुःखद् सडक दुर्घटना भएको छ।' घटनास्थलमा उद्धारकर्मीद्वारा उद्धार कार्य चलिरहेको छ र स्थानीय अधिकारीहरूले प्रभावितहरूलाई सबै सम्भावित सहयोग प्रदान गरिरहेका छन्।'

# भारतमा 'मङ्कीपक्स'को दोस्रो विरामी भेटियो

**सिन्ह्वा**

नयाँ दिल्ली । भारतमा 'मङ्कीपक्स' को दोस्रो सङ्क्रमित व्यक्ति भेटिएको छ। दक्षिणी राज्य केरलामा विदेशबाट आएका एक व्यक्तिमा सोमबार 'मङ्कीपक्स' सङ्क्रमण पुष्टि भएको केरला राज्यको स्वास्थ्य विभागका एक अधिकारीले पुष्टि गरेका छन्।

केरला राज्यका स्वास्थ्यमन्त्री वीना जर्जका अनुसार पुणे शहरको नेशनल इन्स्टिच्युट अफ भिरोलोजी (एनआईभी) मा उनको नमूना परीक्षण गरिएपछि दोस्रो मङ्कीपक्स सङ्क्रमण पुष्टि गरिएको हो । केरला सरकारले यो रोग विरुद्धको रोकथामका उपायलाई तिव्रता दिएको छ । कन्नूर जिल्लाका स्थायी वासिन्दा ३१ वर्षीय युवकको केरलाको एक सरकारी अस्पतालमा उपचार भइरहेको बताइएको छ । "उनी जुलाई १३ मा दुबईबाट केरला आएका थिए । अधिकारीले भने, "'मङ्कीपक्स' सङ्क्रमित बिरामीको स्वास्थ्य चिन्ताजनक अवस्थामा नरहेका बताइएको छ। प्रशासनले उनको सम्पर्कमा आएका व्यक्तिहरूलाई पनि समूहमा घुलमिल नहुन भनिएको छ साथै चिकित्सकहरूले उनीहरूको स्वास्थ्य अवस्थालाई पनि अवलोकन गरिरहेका छन्।'

मुलुककै पहिलो 'मङ्कीपक्स'को बिरामी केरालामा नै पत्ता लागेको थियो । तर ती संक्रमित व्यक्ति संयुक्त राज्य अमेरिकाबाट आएका यात्री थिए र जुलाई १२ मा उनी केरला आइपुगेका थिए।

भारतमा 'मङ्कीपक्स'को पहिलो सङ्क्रमण पुष्टि भएपछि केन्द्र सरकारले 'मङ्कीपक्स'लाई फैलिन नदिन आवश्यक सावधानी अपनाउन र परीक्षणलाई व्यापक बनाउन वरिष्ठ चिकित्सकसहितका समूहलाई विभिन्न राज्यमा पठाएको थियो।



जुम्लाको तिला गाउँपालिका- १ का कृषक दलपति रावतको जुम्ली अर्गानिक स्याउ। *तस्विर :रासस*

# हेलम्बुका युवा पुनः ट्राउट माछा व्यवसायमा फर्किन थाले

सिन्धुपाल्चोक।सिन्धुपाल्चोकको हेलम्बुमा सञ्चालित ट्राउट फार्मबाट वार्षिक ६० टनभन्दा बढी माछा उत्पादन हुने गरेको थियो। सोचे अनुसारको आम्दानी हुने भएकाले पछिल्लो समय युवाले सो व्यवसायमा लगानी बढाउँदै गएका थिए । उनीहरूले एउटा 'ट्राउट फार्म'का लागि मात्रै कम्तीमा रु चार करोड लगानी गरेका थिए । मेलम्ची करिडोर माछा पालन व्यवसायका लागि राम्रो मानिदै थियो।

गत वर्षको अकल्पनीय बाढीले यहाँका सबै माछा फार्ममा क्षति पुऱ्याएपछि व्यवसायीको अर्बौं लगानी डुबेको थियो । उनीहरू व्यवसायबाट विस्थापित जस्तै भएका थिए । सरकारले बेवास्ता गरेपनि युवाहरू ऋण लिएरै भए पनि पुनः व्यवसायमा फर्किन थालेका छन् । मेलम्ची बाढीका कारण पूर्णरूपमा विस्थापित भएका हेलम्बुका ट्राउट व्यवसायी जीविकोपार्जनकै लागि अहिले यही पेसामा फर्किन थालेका छन् । भौतिक संरचनासहित ट्राउट माछाको लागि प्रख्यात मेलम्ची करिडोरमा आठ फार्मका रु दुई अर्बभन्दा बढीको लगानी डुबेपछि व्यवसायी अहिले पनि ऋणमा छन् तर जीविकोपार्जनको लागि आफ्नो पुरानो सीप र ज्ञानको प्रयोग गर्दै ऋण गरेरै व्यवसायमा फर्किन थालेको व्यवसायी कुलबहादुर खड्काले जानकारी दिनुभयो।

अहिले हेलम्बुको तिम्बुसहितका चार स्थानमा ट्राउट माछा फार्म बनिरहेका छन् । अनुकूलताअनुसार जग्गा व्यवस्थापनसहित भौतिक संरचना निर्माण चलिरहेको छ । केही फार्ममा भर्खर भुरा माछा हालिएको छ । ऋण गरेर सञ्चालन गरेको व्यवसाय क्षणभरमै बगर बन्दा पुनः ठूलो हिम्मत जुटाएर जीविकोपार्जनकै लागि व्यवसायमा फर्किएकाले आफूहरूलाई सरकारले उचित सहयोग गर्नुपर्ने हेलम्बुका व्यवसायी युवराज खड्काले माग गर्नुभयो । मेलम्ची नदी तटीय क्षेत्रमा सञ्चालित ट्राउट फार्म तथा रिसोर्टबाट रोजगारी पाइरहेका ९० भन्दा बढी युवा बाढीकै कारण विदेश पलायन भएका छन् । करोडौं ऋणमा डुबेका व्यवसायीलाई सरकारले उचित सहयोग गर्नुपर्ने र यसको लागि निरन्तर पहल भइरहेको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्यालजेन शेर्पाले जानकारी दिनुभयो।

काठमाण्डु उपत्यकासहित नुवाकोटसम्म निर्यात हुने ट्राउट माछा खानकै लागि बाक्लो मात्रामा पर्यटक हेलम्बु आइपुग्ने गरेका थिए । मेलम्ची खोलाको पहिचान बनेको ट्राउट माछा फार्मले पुन हेलम्बुमा पर्यटन प्रवर्द्धन गराउनसमेत ठूलो मद्दत पुग्ने आशा गरिएको छ। यसको लागि सरकारले पनि व्यवसायीलाई उचित सहयोग गर्नुपर्ने यहाँको स्थानीयको बुझाइ छ।रासस

# ७१ प्रतिशत विकास बजेट खर्च

म्याग्दी । जिल्लामा गत आर्थिक वर्ष २०७८/७९ मा कूल ७१दशमलव२३ प्रतिशत विकास बजेट खर्च भएको छ । संघीय सरकारको ६०दशमलव७५ र प्रदेशको ७५दशमलव४५ प्रतिशत पुँजीगत बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ।

पुँजीगत शीर्षकमा दुईवटै सरकारका निकायको रु एक अर्ब २१ करोड ५९ लाख १६ हजार विनियोजन भएकामा रु ८६ करोड ६१ लख ५२ हजार ७ सय ८० खर्च भएको उक्त कार्यालयका लेखापाल सुमन सुवेदीले जानकारी दिनुभयो।

विकास योजना तथा कार्यक्रमका लागि पुँजीगत शीर्षकमा बजेट विनियोजन हुने गर्छ । जिल्लामा प्रदेशका १० र सङ्घीय सरकारका ३० कार्यालय छन् । पुँजीगत शीर्षकमा खर्च भएकामध्ये ४४दशमलव४५ प्रतिशत अथवा रु ३८ करोड ५० लाख २४ हजार बजेट असार महिनामा खर्च भएको छ।

सङ्घीयतर्फ पुँजीगत शीर्षकमा रु ४० करोड ४१ लाख २८ हजार बजेट विनियोजन





भएकामा असार महिनामा रु १३ करोड ४० लाख ११ हजार ७७४ सहित कूल रु २४ करोड ५५ लाख २६ हजार ८९ खर्च भएको छ। प्रदेशका कार्यालयमा रु ८१ करोड १७ लाख ८८ हजार विनियोजन भएकामा रु ६२ करोड छ लाख २६ हजार ६९१ खर्च भएको छ। खर्च भएकामध्ये रु २५ करोड १० लाख १२ हजार २३० असार महिनाको हो । सङ्घीय सरकारको चालुतर्फ रु तीन अर्ब ४८ करोड ५६ लाख ६६ हजार ३६२ बजेट विनियोजन भएकामा रु तीन अर्ब ३० करोड १८ लाख चार हजार १०३ अथवा ९४दशमलव७२ प्रतिशत खर्च भएको छ। रु ५१ करोड १३ लाख ६७ हजार ७२९ संघीय बजेट असारमा खर्च भएको उक्त कार्यालयले जनाएको छ । सङ्घीय र प्रदेशको चालु बजेटमा तलबभत्ता, प्रशासनिक खर्चका साथै स्थानीय तहलाई दिइने अनुदानसमेत समेटिएको छ।

प्रदेशको चालु शीर्षकमा रु ४८ करोड ५३ लाख विनियोजन भएकामा रु ३६ करोड ७८ लाख ४९ हजार ४८० खर्च भएको छ। प्रदेशको चालु शीर्षकमा असार महिनामा रु १३ करोड ३५ लाख ८३ हजार १४५ खर्च भएको छ।

सङ्घीय र प्रदेशको चालु शीर्षकमा स्थानीय तहलाई दिएको अनुदानको निकासा रकमसमेत जोडिएको छ। स्थानीय तहले भएको खर्च विवरण र बचत भएको रकम फिर्ता गरिनसकेकाले यथार्थ खर्च विवरण प्राप्त हुन र समग्र जिल्लाको बजेट परिचालनको वास्तविक अवस्था पहिचान गर्न अझै केही दिन लाग्ने बताइएको छ। सङ्घीय र प्रदेशको चालु तथा पुँजीगत गरेर गत आर्थिक वर्षमा कूल रु पाँच अर्ब १८ करोड ६८ लाख ८२ हजार ३६२ विनियोजन भएकामा ८७दशमलव४४ प्रतिशत अथवा रु चार अर्ब ५२ करोड ५८ लाख छ हजार ३६३ खर्च भएको छ।

पुँजीगत शीर्षकको बजेटको ठूलो मात्रा असार महिनामा खर्च गर्ने प्रवृतिमा अझै सुधार आउन सकेको छैन् । यसैगरी गत आर्थिक वर्षमा जिल्लाका सङ्घीय कार्यालयबाट रु १५ करोड २१ लाख ५१ हजार १८४ र प्रदेशका कार्यालयबाट रु दुई करोड ९६ लाख ८ हजार ७८१ राजस्व सङ्कलन भएको उक्त कार्यालयले जनाएको छ।

# प्रशासनमा पहिलोपटक विद्युतीय टोकन प्रणाली सुरु

बैतडी। जिल्ला प्रशासन कार्यालयमा पहिलोपटक विद्युतीय टोकन प्रणाली सुरु गरिएको छ। सेवाग्राहीलाई सेवा लिन सहज होस् भनेर आइतबारदेखि विद्युतीय टोकन प्रणाली सुरु गरिएको हो। जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी खगेन्द्र भारतीका अनुसार प्रशासन कार्यालयमार्फत प्रदान हुने सेवालाई सहजरुपले प्रदान गर्नका लागि विद्युतीय टोकनको व्यवस्था गरिएको र टोकनका आधारमा सेवा दिने कार्य सुरु भएको हो। टोकन प्रणालीका आधारमा जसले नाम दर्ता अगाडि गराएको छ उसले अगाडि सेवा पाउने प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले बताउनुभयो।

प्रशासन कार्यालयका सेवालाई प्रभावकारी र व्यवस्थित बनाउन विद्युतीय टोकन प्रणाली सुरु गरिएको छ। उहाँले भन्नुभयो, "सबैलाई समान किसिमले सेवा दिने वातावरण मिलाउन र सेवालाई व्यवस्थित तथा प्रभावकारी बनाउन यो कार्य सुरु गरेका हौं।"

जिल्ला प्रशासन कार्यालयमा नेपाली नागरिकताको प्रमाणपत्र लिन, नागरिकताको प्रतिलिपि लिन, राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्न, राहदानी बनाउन, नाबालिक परिचयपत्र बनाउनलगायत अन्य सेवा लिन आउने सबैलाई टोकन प्रणालीका आधारमा सेवा दिने कार्य सुरु भएको हो। टोकन प्रणालीले लाइनमा उभिनुपर्ने झन्झट हटेर सेवाग्राहीलाई सजिलो भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। जिल्ला प्रशासन कार्यालयमा हाल दैनिक १५० जनाले सेवा लिने गरेका सूचना अधिकारी भारतीको भनाइ छ।रासस

# भारत, बङ्गलादेश र भुटानसँग बढ्यो व्यापार घाटा



झापा । पूर्वी नाका काँकडभिट्टाबाट भारत, बङ्गलादेश र भुटानसँग हुने नेपालको व्यापारमा उच्च घाटा देखिएको छ । मेची भन्सार कार्यालय काँकडभिट्टाका प्रमुख भन्सार अधिकृत केशवराज ओलीका अनुसार आव २०७८/०७९ मा काँकरभिट्टा नाका भएर भारतबाट रु ३६ अर्ब १८ करोड मूल्य बराबरको सामान आयात भएको छ भने नेपालबाट रु १० अर्ब ६९ करोड ९५ लाखको सामान मात्र निर्यात भएको छ।

निर्यातभन्दा आयात बढी भएको कारण भारतसँग काँकडभिट्टा नाकामार्फत नेपालको व्यापार घाटा रु २५ अर्ब ४८ करोड २७ लाख भएको देखिन्छ । काँकडभिट्टा नाकामार्फत हुने व्यापारमा बङ्गलादेश र भुटानसँग नेपालको व्यापार घाटा क्रमशः रु १० अर्ब नौ करोड ९९ लाख र रु ७४ करोड ८६ लाख पुगेको छ।

आव २०७८/०७९ मा रु १० अर्ब ६५ करोड ३५ लाख बराबरको सामान बङ्गलादेशबाट आयात भएको थियो भने नेपालबाट रु ६० करोड ४५ लाखको मात्र सामान निर्यात भएको भन्सारको तथ्याङ्कमा उल्लेख छ । सोही अवधिमा भुटानबाट रु एक अर्ब २० करोड ५३ लाखको सामान आयात भएको थियो भने रु ४५ करोड ६५ लाखका मात्र सामान निर्यात भएको थियो।

बङ्गलादेश र भुटानसँग नेपालले यही नाकामार्फत व्यापार गर्दै आएको छ। भारतसँग अरु नाकाबाट पनि व्यापार सञ्चालन हुन्छ । बङ्गलादेशसँगको व्यापार घाटा बर्सेनि बढ्दै गएको छ। बङ्गलादेशसँग नेपालले आव २०७७/०७८ मा रु छ अर्ब ४८ करोड ३३ लाख ४३ हजार र आव २०७६/०७७ मा रु तीन अर्ब ९९ करोड ४३ लाख ११ हजार व्यापार घाटा व्यहोरेको थियो।

**राजस्व असुली लक्ष्यभन्दा बढी**

मेची भन्सार कार्यालय काँकरभिट्टाले आव २०७८/०७९ मा लक्ष्यभन्दा बढी राजस्व असुली गरेको छ। प्रमुख भन्सार अधिकृत ओलीले सो आवमा रु १७ अर्ब ५३ करोड १९ लाख ३३ हजार राजस्व सङ्कलन गर्न सफल भएको बताउनुभयो । भन्सारले रु १५ अर्ब ७५ करोड ४७ लाख ८७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा १११ दशमलव २८ प्रतिशत राजस्व असुली भएको भन्सार प्रमुख ओलीले जानकारी दिनुभयो । पेट्रोलियम पदार्थ र सुपारीको आयात पूर्वी नाकाबाट बढी भएका कारण राजस्व सङ्कलनमा वृद्धि भएको हो।रासस

# प्रतितोला चार सयले बढ्यो सुनको मूल्य

काठमाण्डु। सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य अघिल्लो दिनको तुलनामा प्रतितोला रु ४०० ले बढेर रु ९४ हजार पुगेको छ।

पहेंलो धातु आइतबार प्रतितोला रु ९३ हजार ६०० मा कारोबार भएको थियो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९३ हजार ५०० छ।

यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९३ हजार १०० थियो। त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु पाँचले बढेर रु एक हजार १६५ तोकिएको महासङ्घले जनाएको छ।रासस

# पाल्पाका स्थानीय तहको बेरुजु रु ३४ करोड ३१ लाख

रामपुर (पाल्पा) । पाल्पाका स्थानीय तहहरूको बेरुजु रु ३४ करोड ३१ लाख ३८ हजार पुगेको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ५९ औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/०७८ सम्मको लेखापरीक्षण गर्दा बेरुजु रु ३४ करोड ३१ लाख ३८ हजार भेटिएको हो। जिल्लाको दश स्थानीय तहको रु १२ अर्ब ९१ करोड ८४ लाख ४३ हजार लेखापरीक्षण गरिएकोमा दुई दशमलव ६५ प्रतिशत बढी बेरुजु भेटिएको छ।

लेखापरीक्षण रकमको आधारमा सबैभन्दा धेरै रम्भा गाउँपालिकामा पाँच दशमलव २९ प्रतिशत र सबैभन्दा कम रामपुर नगरपालिका र पूर्वखोला गाउँपालिकामा एक दशमलव ३१ प्रतिशत बेरुजु पाइएको छ।

नगरपालिकातर्फ तानसेनको लेखापरीक्षण गरिएको रु एक अर्ब ९८ करोड ५१ लाख ३२ हजारमध्ये रु सात करोड २४ लाख ५५ हजार र रामपुरको रु एक अर्ब ५५ करोड ७८ लाख ६८ हजार लेखापरीक्षण गर्दा रु दुई करोड चार लाख १२ हजार बेरुजु भेटिएको छ।

गाउँपालिकातर्फ पूर्वखोलाको रु एक अर्ब चार करोड ८५ लाख ७४ हजार लेखापरीक्षण गर्दा रु एक करोड ३६ लाख ९६ हजार, निस्दीको रु एक अर्ब १८ करोड ७४ लाख ८८ हजार लेखापरीक्षण गर्दा रु तीन करोड ९६ लाख ३४ हजार, रम्भाको रु एक अर्ब १३ करोड आठ लाख चार हजार लेखापरीक्षण गर्दा रु पाँच करोड ९८ लाख बेरुजु भेटिएको छ। आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रित नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ ले बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी तीन वर्गमा वर्गीकरण गरेको छ।रासस


## धनुषाधाम नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**धनुषाधाम, धनुषा**

**प्रदेशनं.२, नेपाल**

## नदीजन्य पदार्थ बिक्रिका लागि विद्युतीय बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/०३**

स्थानिय सरकार संचालन ऐन २०७४,को दफा ६२क र धनुषाधाम नगरपालिकाको आर्थिक ऐन ,२०७७ को दफा १० को ब्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारीत मापदण्ड बमोजिम नदिजन्य पदार्थ संकलन गरी धनुषाधाम नगरपालिकाले तोकेको दरमा बिक्री गर्नेगरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र ,मुल्य अभिबृदी कर दर्ता भएको प्रमाणपत्र,आ.व.२०७७/७८ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संल्गन गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभाभगी हुन सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

| सि. नं. | ठेक्का नं. | विवरण | उल्लेखित परिमाण घन फिट | न्युनतम बोलपत्र रकम मु.अ.कर वाहेक | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | DM-NCB/G/01/2079-80 | मुर्गीयाखोला,वालुवा खोला र मालटोलखोला बगर बाट नदिजन्य पद्धार्थको बिक्री | १६,९४,०००।०० | ७१,९९,५००।०० (मु.अ.क वाहेक) | ३०००/- | आफुले कबोल गरेको रकमको ५ प्रतिशत | |

**शर्तहरु**

१. फर्महरुको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृदी कर दर्ता भएको प्रमाणपत्र,आ.व.२०७७/७८ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्नगरी बोलपत्र फारम दस्तुरवापत धनुषाधाम नगरपालिकाको एन.आई.सी.एशीया बैंकको खाता नं. आन्तरीक राजश्व खाता ग-१-१ ०३१२०५००२५३५८००४ मा नगद जम्मा गरेको नगद भौचर विधुतिय माध्यमबाट बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुरको भौचर बोलपत्र सम्बन्धीत कागजातमा संल्गन गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तीम दिन ३१ औं दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगतै पछिको कार्यालय खोल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. कबोल रकम अंक र अक्षरमा स्पस्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। लेखिएको अंक र अक्षरलाई काटनु परेमा पुनः लेखि सहि छाप गर्नुपर्नेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यलयको नाममा रहेको एन.आई.सी.एशीया वैंकको खाता नं. ग-३ ०३१२०५००२५३५८०१४ धरौटी खातामा जम्मा गरी उक्त सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिडबन्ड पेश गर्नुपर्नेछ।

३. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशीक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहनेछ।

**नोट**:- विस्तृत जानकारीको लागी यस कार्यालयको वेभ साईट www.dhanushadhammunicipality.gov.np मा समेत हेर्न सकिनेछ।

# कांग्रेसद्वारा प्रधानमन्त्रीलाई ज्ञापन

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाली कांग्रेस पर्साले प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री लाई ज्ञापनपत्र बुझाएको छ ।

पर्सा जिल्लाका आम नागरिकहरुले भोगि रहेका समस्याहरुमा नेपाली कांग्रेस पर्साको गम्भीर ध्यानाकर्षण भएकोमा उक्त समस्याहरु यथाशीघ्र समाधानको लागि नेपाली कांग्रेस पर्साका सभापति जनार्दन सिंह क्षेत्री हस्ताक्षरित ज्ञापनपत्र जिल्ला प्रसासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालमार्फत प्रधानमन्त्री समक्ष बुझाइएको छ ।



नेपाली कांग्रेसको अगुवाईमा गठबंधन सरकार निर्माण भइ राज्य सञ्चालन भइरहेको अवस्थामा हाल देखिएका समस्याहरु आफूहरुले प्रधानमन्त्री समक्ष पुर्याउन ज्ञापनपत्र बुझाएको कांग्रेस पर्साका प्रवक्ता रमेश पाण्डेयले बताए ।

आगामी संघीय र प्रदेश निर्वाचन (२०७९) लाई मध्यनजर गरी निर्वाचन आयोगले मतदाता नामावली दर्ता र अद्यावधिक गर्ने कार्य यस जिल्लामा निर्वाचन कार्यालय पर्सा बाट गरिरहेकोमा दिनहुं ४००/५०० जना मतदाताहरु कार्यालयमा पुग्दा जनशक्तिको अभावमा ५०/६० जनाको नाम मात्रै दर्ता हुने भएको ले गाउँ/गाउँ बाट आउने आम नागरिकले समस्या भोगिरहेकोले जनशक्तिको व्यवस्था गरी प्रत्येक गाउ/वडा मा नै मतदाता नामावली दर्ता र अद्यावधिक गर्न व्यवस्था मिलाउन नेपाली कांग्रेस पर्साले मांग गरेको छ ।

त्यस्तै नेपाल कृषि प्रधान देश रहेकोले यस पर्सा जिल्लाको मूल वासिन्दाको पेशा कृषि नै रहेको हुँदा कृषकहरुलाई धानवाली लगाउने असार/साउन महिनामा रसायनिक मलको अभाव भइ कृषकहरु को जनजीवन कष्टकर भइरहेको र उत्पादनमा समेत हास हुने भएकोले अबिलम्ब रसायनिक मल उपलब्ध गराई कृषकहरुको समस्या समाधान गर्न माग गरिएको छ ।

जिल्लाको जिराभवानी गाउँपालिकामा पर्ने ईलाका प्रशासन कार्यालय सुपौलीमा हफ्तामा एक दिन मात्र नागरिकता वितरणदेखि अन्य सेवा दिइरहेकोमा उक्त कार्यालयमा आवश्यक जनशक्ति लगायतको व्यवस्था मिलाई दिनहुँ सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन नेपाली कांग्रेस पर्साको मांग छ ।

पोखरिया नगरपीलकामा विगतमा ईलाका प्रशासन कार्यालय स्थापना भइ सेवा प्रवाह भइरहेकोमा द्वन्द्व कालमा सो कार्यालय बन्द भइ सेवाग्रहीहरु वीरगञ्ज आउनुपरेकोले जिल्ला प्रशासन कार्यालयमा भार थपिएको र सेवाग्राहीलाई पनि समस्या रहेकोले पोखरियामा पुनः ईलाका प्रशासन कार्यालय स्थापना गरी सेवा सुरु गराउन मांग गरिएको छ ।

जिल्लाका कृषकहरुको धानवाली लगाउने सिजन र हाल पानी नपरी सुखायाम भइ अनावृष्टिको अवस्थामा कृषकका आशा भरोसा रहेको नारायणी सिचाई व्यवस्थापन कार्यालय वीरगञ्जले नहरमा पानी समेत सञ्चालन नगरेकोमा यथाशीघ्र पानी सञ्चालन गर्न, हुलाकी सडकको वीरगञ्ज-ठोरी सडक खण्डमा सुरक्षाका लागि गण्डक नहर चोक (नवरंगिया) पुलं निर प्रहरी चौकी स्थापना गर्न, र पर्सालाई सुक्खाग्रस्त क्षेत्र घोषणा गर्न माग गरिएको छ ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजय चौरसिया, पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरी, जिल्ला उपसभापति रामनारायण कुर्मी, प्रदेश महामन्त्री बृहस्पतिकृष्ण श्रेष्ठ, जिल्ला सचिव दिनेश चौधरी, प्रदेश सदस्य ममता चौधरी, नेता रामरुप कुर्मी, वीरगञ्ज महानगरपालिकाका उपमेयर इमितयाज आलम लगायतकोसहभागिता रहेको थियो ।

# भारतीय नोटको अभावले तनाव

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजसहित जिल्लाका प्रमुख बजारमा भारतीय नोटको चरम अभाव देखिएको छ । स्थानीय मनीचेन्जर देखि कुनै पनि बैंकमा समेत भारतीय नोट सटही सुविधा नहुदाँ सर्वसाधारण हैरान भएका छन् ।

सर्वसाधारणलाई सीमावर्ती बजारमा किनमेल प्रयोजनका लागि मात्र नभइ भारतमा उपचार, शिक्षा, तीर्थाटन तथा पर्यटन प्रयोजनका लागि पनि भारतीय नोट आवश्यकता पर्छ। अर्को तिर अहिले साउन महिनाको शुरुवात संगै भारतको झारखण्ड राज्य स्थित देवघर (बाबाधाम) बोलबम जानेहरुको संख्या पनि सप्तरीबाट उल्लेख्य रहने गरेको छ।



तर भारतीय नोटको अभावका कारण यति वेला उनीहरु छटपटाईरहेका छन् । प्रचण्ड गर्मी र चर्को घाममा समेत उनीहरु विहानै देखि बजारका विभिन्न पसल र बैंकको गेट अघि पुगेर "यहाँ भारतीय नोट पाइन्छ, भनी सोध्दै सयौं सर्वसाधारण पुग्ने गरेका छन् । तर, "छैन" भन्ने जवाफ पाएपछि निराश भइ फर्किने गरेको दृश्य दिनभर देखिने गरेको छ ।

राष्ट्रिय बाणिज्य बैंकको छेऊमै होटल व्यवसाय गर्दै आएका संचालक शम्भु प्रसाद साहले दैनिक ७० देखि ७५ जना सर्वसाधारण भारु नोट खोज्दै आफ्नो पसल र नजिकैको बैंक पुग्ने गरेको सुनाए ।

४ वर्ष अघि सम्म यहाँ स्थित राष्ट्रिय बाणिज्य बैंकले भारु सटही सुविधा उपलब्ध गराउदै आएको थियो। तर बन्द गरिएको सो सेवा ४ वर्ष वितिसक्दा पनि पुनःसुचारु हुन सकेको छैन । अन्य कुनै बैंक देखि मनिचेन्जरले पनि भारु सटही सेवा उपलब्ध न गराउँदा सर्वसाधारण हैरानी भोग्न बाध्य छन् ।

राष्ट्रिय बाणिज्य बैंक शाखा राजविराजका सहायक प्रबन्धक अजय प्रताप गौतमले माथि कै आदेशबाट भारतीय रुपैया सटही काउन्टर बन्द गरिएकोले सर्वसाधारणलाई सो सेवा दिन न सकिएको लाचारी व्यक्त गरे । यद्यपि यसका लागि आफूहरुले पहल गरिरहेको उनको भनाइ छ।

"नेपाल राष्ट्र बैंकले चाहे भने सो सेवा पुनः सुचारु हुन सक्छ, उनले भने, यसका लागि सबै सरोकारवालाको सामूहिक पहलको खाँचो छ।"

अधिकांश सर्वसाधारण एटिएम न राखेका कारण भारतीय नोट नगद नै लिएर भारत तर्फ जानु पर्ने बाध्यता छ । यस्तो अवस्थामा कतिपयले महगो दरमा भारतीय नोट साटेर भए पनि गर्जो टार्न बाध्य भएको सर्वसाधारणको गुनासो छ । स्थानीय बजारका केही कारोवारीले सयकडा ५ देखि ७ रुपैया सम्म वट्टा काटेर भारतीय नोट उपलब्ध गराउने भएकाले सर्वसाधारणलाई उनीहरु संग भारतीय नोट सटही गर्ने काम निकै महँगो पर्ने गरेको राजिराज ७ का उमाकान्त साहले बताए । सर्वसाधारण मात्र नभइ यहाँका उद्योगी व्यवसायीलाई पनि भारतीय नोटको अभावले उत्तिकै पिरोलेको छ। स्थानीय व्यवसायी बैजु जोशी भन्छन-" सीमावर्ती बजार भएकाले जिल्लाका धैरै उद्योगी व्यवसायीले कतिपय अवस्थामा भारतीय नोट मै कारोबार गर्नुपर्ने बाध्यता हुन्छ । तर भारतीय नोटको अभावले निकै समस्या हुने गरेको छ।"

यसरी भारतीय नोटको अभावले सबै क्षेत्रमा प्रभाव पारेको भन्दै स्थानीयले बन्द गरिएको राष्ट्रिय बाणिज्य बैंकको भारु सटही काउन्टर संचालन गर्नुपर्ने माग गरेका छन् ।

# मधुश्रावणी पर्व शुभरम्भ

जनकपुरधाम । मिथिलाञ्चल क्षेत्रमा नवविवाहित मैथिलानी (मिथिलाका नारी) ले सोमाबारदेखि मधुश्रावणी पर्व सुरु गरेका छन् । नवविवाहिता मैथिलानीले १३ दिनसम्म सो पर्व मनाउनका लागि माइत पुगेका छन् ।

साउन कृष्ण पञ्चमीका दिन सुरु भई साउन शुक्ल तृतीयाका दिन सम्पन्न गरिने यस पर्वमा मैथिलानीका लागि हासपरिहास र मनोरञ्जनको माध्यम पनि बन्दै आएको छ। मिथिलाका प्रायःजसो बस्ती मधुश्रावणीको रङमा रङ्गिएको रौनक देखिएको छ। यो पर्व बर्तालु र उनका सखीको बस्त्र परिधानको सजधज, सामूहिक प्रणयगान र 'फूललोढी' (फूल खोज्ने) विधिले सबैको ध्यान खिच्ने गरेको छ।

शिव, पार्वती (गौरी) र 'विषहरा' (नागदेवता) को आराधना गरिने यस पर्वमा भोलिपल्टको पूजाअर्चनाका लागि एक दिनअघिको सन्ध्याकालमा सामूहिकरूपमा फूल खोज्न निस्कने विधिलाई 'फूललोढी' भन्ने गरिन्छ। पर्वमा भगवान शङ्कर र देवी गौरीलाई बासी फूल चढाइने गरिन्छ।

सूर्यास्त हुनपूर्वका बेलामा प्रणयगान गाउँदै विशेष वस्त्र परिधानमा सजिएका नवयौवना जब फूल खोज्ने विधिका लागि निस्कन्छन्, स्वाभाविकरूपमा वरपर हुने सबैको ध्यान त्यसतर्फ खिचिन्छ' ।

वर्षायाम प्रगाढ प्रणय सम्बन्धलाई अपिल गर्ने मौसम मानिन्छ। वनमा रमाउने मयुर पनि यसै मौसममा प्रणय सम्बन्धमा लीन हुन्छन् । यस्तो बेला नवविवाहिता जोडीबीच रतिरागदेखि भावनात्मकरूपमा एकाकार गराउनु पर्वको मुख्य पक्ष रहेको छ। त्यसैले यो पर्व नवविवाहिताका लागि खास हुने गरेको छ। समूहमा 'फूललोढी' मा निस्केका नवयौवना मैथिलानी साउने झरीमा रुझ्दै आपसी परिहासमा मस्त रहेको दृश्य अघाउँजी नहेरी कुनै बटुवा अघि बढ्न हतार गर्दैनन् ।

नवविवाहिता मैथिलानीबीच आपसी हासपरिहास यस पर्वको विशिष्ट पक्ष रहेको छ । पर्वमा नवविवाहिता मैथिलानी आफ्ना सखीबीच भर्खरै सुरु भएको दाम्पत्य जीवनका कौतुहलता, अनुभव आदानप्रदान गर्छन ।

पहिले मिथिलाका ब्राह्मण, कायस्थ, देव र सोनार जातिका महिलाले मात्र मनाउने यो पर्व अब साझा भइसकेको छ। पतिघरबाट आएका सामग्री प्रयोग गरेर माइतमा मनाइने यो पर्व मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग नै बनेको छ।

तेह्र दिनसम्म मनाइने यस पर्वमा शिव, पार्वती (मधुश्रावणी व्रत विधानमा पार्वतीलाई गौरी नाम दिइएको छ) र विषहराको पूजाआराधना गरेपछि बर्तालुलाई ज्येष्ठ महिलाले मधुश्रावणी कथा सुनाउँछन्। यिनमा पौराणिक गाथामा आधारित मैना पञ्चमी, विषहरी, बिहुला, मनसा, मङ्गला गौरी, पृथ्वीको जन्म, समुद्र मन्थन र सतीको कथा हुने गरेको छ।

देवी गौरी दाम्पत्य जीवन सुखद् बनाउने र सबै मनोकामना पूरा गर्ने मानिएकीले उनको पूजाअर्चना नवविवाहिताले यसै अभिष्टका लागि सुरु गरिएको हो ।

पर्वको मुख्य पक्ष नै नारी जीवनमा पतिपत्नीको स्नेह र सम्बन्ध प्रगाढ बनाउन केन्द्रित रहेकाले यससँग जोडिएर आउने ठट्यौली र हासपरिहासले पर्वको महत्ता उज्यालिएको पाका मैथिलानीहरु बताउँछन्।

प्राचीन वैदिक ग्रन्थ शिव पुराणमा कुष्ठरोग भएका आफ्ना पतिलाई ठीक गराउन मधुश्रावणी नाउँकी नवविवाहितालाई शिवले यो व्रत गर्न लगाएको प्रसङ्ग छ । शिवको आज्ञाअनुसार मधुश्रावणीका पति ठीक भएपछि पति कल्याण र आपसी सम्बन्ध प्रगाढताको कामना राखिने यो पर्व परम्परा चलेको विश्वास गरिन्छ।

बर्तालुले साउन कृष्ण चौथी (चतुर्थी) का दिन पवित्र स्नान गरेर चोखोनितो बनेपछि वर्त सङ्कल्प गर्दछन्। व्रत अवधिभरि मन पवित्र बनाएर सात्विक भोजन गर्नुपर्ने विधान छ। सधैं दिउँसोपछि सूर्यास्त हुनपूर्व सखीसहेलीका साथ हाँस्दै, खिल्लिँदै र प्रणयभावका गीत गाउँदै 'फूललोढी'मा निस्कनु तथा सङ्कलन गरिएका बेलपत्र र विभिन्न जातका फूल राति बासी राखेर भोलिपल्ट त्यसैले शिव, पार्वती र विषहराको पूजा आराधना गरेर कथा श्रवण गर्नु पर्वअवधिको मुख्य तालिका हो।

बर्तालुले सधैं बिहान पवित्र स्नान गरेर पूजाआराधना गरेर कथा श्रवण गरेपछि सात्विक भोजन गर्ने गर्छन्। पर्वमा अटल सौभाग्यकी देवी मानिने गौरीको पूजा आराधनाका लागि छुट्टै नैवेद्य बनाउने चलन पनि छ। माइतमै बसेर मनाइने भए पनि पर्वमा नवविवाहिताका लागि व्रत अवधिको खाद्यान्न, वस्त्रपरिधान, बर्तालुका शृङ्गार प्रशाधन, पूजा सामग्री र अन्य पर्व विशेषका आवश्यक वस्तु पतिघरबाटै पुऱ्याइनुपर्ने चलन छ।

माइतीघरको आँगन वा अन्य सुरक्षित ठाउँमा बनाइएको खास मण्डप (अरिपन) मा बसेर त्यहीँ देवता स्थापित गरेर यो पर्व मनाइन्छ । कूल देवताको स्मरण गरेर सुरु गरिएको पूजाआराधनामा प्रत्येक दिनको पूजापछि माइती घरका ज्येष्ठ सदस्यबाट बर्तालुले आशीर्वाद लिने गर्छन् । पर्व १३औं दिनमा समापन गरिन्छ । समापन भएपछि दिनहुँ पूजा गरिएका बेलपत्र र फूल सङ्ग्रह गरेर पवित्र नदी वा तलाउमा विसर्जन गरिने चलन छ।

यसअघि १२ औं दिन साँझ पूजाअर्चनापछि बर्तालुलाई 'टेमी' दिने गरिन्छ । दियोमा बालिने बत्तीको लप्कोले बर्तालुको देब्रे गोडाको घुँडामा डाम्ने विधिलाई 'टेमी' भन्ने गरिएको हो । 'टेमी' दिइएको ठाउँमा फोका उठे पति पत्नीबीच प्रेमसम्बन्ध अत्यन्त गाढा हुने मानिन्छ । पछिल्लो कालमा भने नयाँपुस्ताका मैथिलानीले 'टेमी' प्रचलनलाई परिष्कृत गरिनुपर्ने आवश्यकता औंल्याएका छन् । पर्वमा बर्तालुलाई बलेको बत्तीको लप्काले डाम्नुको सट्टा शीतल चन्दनको लेप उपयुक्त हुने नयाँ पिँढीका मैथिलानीको भनाइ छ।

# गाजासहित एक गाडी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाको राजपुर नगर पालिका वडा नम्बर-६ कुडियाबाट सशस्त्र प्रहरीको टोलीले लागू औषध गाजा सहित एउटा भारतीय नम्बरको स्कार्पियो नियन्त्रणमा लिएको छ ।



कुडिया नजिक रहेको आपको बगैचामा लुकाइ बेवारिसे अवस्थामा पार्किंग गरी राखेको d l4 cnb ६२२९ नम्बरको स्कार्पियोमा राखिएको १ सय ९२ किलो ४ सय ग्राम लागू औषध गाजा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश फतुवा महेशपुरको टोलीले नियन्त्रणमा लिएको छ।

प्राप्त सूचनाको आधारमा खटी गएको सुरक्षा वेशका टोलीले १३ पोका गाजा सहित उक्त गाडी नियन्त्रणमा लिएको सशश्त्र प्रहरी बल नेपाल ११ नम्बर गण हजमिनियाले जनाएका छन् ।

गाडीका चालक र गाजा तस्करीमा संलग्न रहेको व्यक्ति फरार भएको सशस्त्र प्रहरीले जनाएको छ। गाडी चालकको सवारी चालक अनुमति पत्र समेत फेला परेको छ । पक्राउ परेको गाजा र गाडी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा बुझाइएको छ।

विगत केही दिन देखि रौतहटको इशनाथ नगरपालिका अन्तर्गत पर्ने औरैया ,मथिया , बन्जरहा , रामपुर खाप नाकाबाट खुलेयाम रुपमा तस्करीको कार्य जारी रहेको छ।

सो नाकाबाट प्रहरीले पटक पटक अवैध रकमको कारोवार गर्ने गिरोहलाई नियन्त्रणमा लिने गरेकोले सो नाका तस्करीको हब बन्दै गएको छ।

तस्करीको कार्यमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको प्रत्यक्ष संलग्नता रहेको स्थानियूहरुको भनाइ रहेको छ। जिल्लाको विभिन्न नाकाहरुबाट सुरक्षाकर्मीको सहयोगमा तस्करी हुने गरेकोले नेपाल सरकारको आन्तरिक राजश्वमा समेत असर पर्ने गरेको छ।

नेपाल सरकारले राजश्व चुहावट नियन्त्रण गर्नका लागि नेपाल भारत सीमामा सशस्त्र प्रहरी परिचालन गरे पनि तस्करी नियन्त्रण हुन् सकेको छैन ।

# सर्प दंशका बिरामी बढे

**टुडे समाचारदाता**

जलेश्वर ।लगातारको बढ्दो गर्मीका कारण महोत्तरीको जिल्ला अस्पताल जलेश्वरमा सर्प दंशका बिरामीको सङ्ख्या बढ्दै गएको छ।

जिल्ला अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट एवं कार्यालय प्रमुख डा सतिश साहका अनुसार विगतमा कहिलेकाहीँ एक/दुईजना सर्प दंशका बिरामी आउने गरेको यस अस्पतालमा अहिले दैनिक आठदेखि १० जनासम्म आउने गरेका छन् ।

जिल्लामा केही दिनदेखि अधिक गर्मी बढिरहेका कारण सर्प दुलो बाहिर निस्केर खेतबारी, सडक, झाडी, फोहरका डङ्गुर र कच्ची तथा प्लाष्टर बिनाको पक्की घरमा बस्ने सर्वसाधारणलाई टोक्ने गरेको बिरामीको भनाई उद्धृत गर्दै उहाँले बताउनुभयो ।

विभिन्न ठाउँमा लुकेर बसेका सर्पलाई मानिसले चलाए वा नजानेर पनि छुन गएको खण्डमा टोक्ने गर्दछ । साहले यस अस्पतालमा आउनेमध्ये अधिकांशलाई विषरहित सर्पले टोकेको तथा केही मात्रै विषालु सर्पले टोकेको बिरामी आउने गरेको मेसु साहले जानकारी दिनुभयो ।

अहिले महोत्तरीको १० नगरपालिका र पाँच गाउँपालिकाका विभिन्न गाउँठाउँमा सर्पको बिगबिगी देखिएको स्थानीयवासीले बताए । जिल्लाको विभिन्न ठाउँबाट र सीमापारी भारतबाट पनि दर्जनौं मानिस उपचारका लागि आउने गरेका छन् ।

जिल्लामा देखापर्ने विषरहित सर्पमा ढोरिया, हरहरालगायत सर्प छन् भने विषालुमा सबैभन्दा बढी करेत र गोमन सर्प पनि देखा परेका छन् । विगत दुई सातादेखि जिल्ला अस्पतालमा सर्पले टोकेका बिरामी दैनिक आउने गरेकामा गत साता एक जनाको मृत्यु भएको थियो भने सर्पदंशकै कारण गत साता बर्दिबास नगरपालिकास्थित नेपाली सेनाको सर्पदंश उपचार केन्द्रमा पनि दुई जनाको मृत्यु भएको थियो ।

सर्प दंशका बिरामीलाई लगाइने 'एन्टिस्नेक भेनम' नामको सुई आफूहरुसँग प्रर्याप्त रहेको र सर्पले टोकेपछि अस्पतालमा आइसकेका व्यक्तिलाई औषधिकै कारण मृत्युवरण गर्न नदिने मेसु साहले प्रतिवद्धता व्यक्त गर्नुभयो ।रासस

# माई कोरा च्यालेन्ज सिमरा सम्पन्न

**टुडे समाचारदाता**

कलैया । बाराको सिमरामा माई कोरा च्यालेन्ज सिमरा सम्पन्न भएको छ । बारा राईडर्स संघको आयोजनामा भएको कार्यक्रममा साईकल राईडर्सहरुले ४५ किमीकोृ यात्रा तय गरेका थिए ।



बारा स्थित धार्मिक पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बारा राईडर्स संघ बाराका निराजन थापाले जानकारी दिए।

कार्यक्रमको उद्घाटन साईकल चलाएर जीतपुर सिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले गरेका थिए। ३५ वटा साईकल यात्रीले एकसाथ जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र रहेका बिभिन्न मठ मन्दिर हरुलाई दाहिने पारेर करिब ४५ किमि यात्रा तय गरेको बारा राईडर्स संघका अध्यक्ष शेषराज अधिकारीले जानकारी दिए।

# प्रहरीले उद्धार गरेका युवाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका ४ माछा बजारबाट धनुषा प्रहरीले उद्धार गरेका एक युवाको मृत्यु भएको छ।

सोमबार प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । उनको परिचय खुल्न सकेको छैन् । सोमबार नै प्रहरीले उनलाई माछा बजारदेखि बसहिया जाने सडक खण्डमा अचेत अवस्थामा फेला पारेको थियो । अन्दाजी ४५ वर्षका उनी रक्सी खाएर लडेका थिए। अचेत अवस्थामा फेला परेका ती पुरुष केही बोल्न सकेका थिएनन्। यद्यपि प्रादेशिक अस्पतालका चिकित्सकले विभिन्न रोगका कारण मृत्यु भएको प्रहरीलाई बताएका छन्। प्रहरीले उनको परिचय नखुलेको हुनाले चिनेका व्यक्तिलाई सम्पर्क गर्न अनुरोध पनि गरेका छन् । प्रहरीका अनुसार उनी मागि खाने जस्तो देखिएको छ।

# वडाध्यक्षको जाहेरी दर्ता भएन

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको बर्दिबास नगरपालिका वडा नम्बर १२ का वडाध्यक्ष रामकिशोर साहमाथि हातपात गर्ने विरुद्ध प्रहरीले जाहेरी दर्ता गर्न अस्वीकार गरेको छ। इलका प्रहरी कार्यालय बर्दिबासले सोमबार उनको मुद्दा दर्ता गर्न मानेका छैनन्। उनीमाथि असार २९ गते कार्यालयमै स्थानीय आठ जनाको समूहले हातपात तथा दुर्व्यवहार गरेको आरोप छ।



वडाध्यक्ष साहले सोहन पौडेल, समीर बैठा, रामनवीन महतो, विमलेश महतो, सन्जीव महतो, सरोजकुमार शर्मा, उपेन्द्र महतो र चान्द नटको समूहले हातपात गरेको आरोप लगाएका छन् । उनीहरु मल र बीउ अनियमितताको आरोप लगाएर हुलहुज्जत गरी हातपात गरेको वडाध्यक्ष साहको भनाइ छ । 'उहाँहरु अचानक आउनुभयो। म कार्यालमै थिए, मलाई अपशब्द बोल्न थाल्नुभयो,'वडाध्यक्षले भने,'मेलै प्रमाणको लागि भिडियो बनाउदा मोवाइल पनि खोस्नु भयो। र, हातपात पनि गर्नुभयो।'

इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायव उपरीक्षक (डिएसपी) रवि रावलले जाहेरी नलिएको उनले गुनासो गरे। उनले घटनामा पक्राउ परेका दुई जनालाई बिना सर्त रिहा पनि गरेका छन् । आर्थिक प्रलोभनमा परी डिएसपी रावलले रिहा गरेको आरोप छ। आरोपितहरु नेपाली काँग्रेस र जनमत पार्टीसँग आवद्ध छन्।

वडाध्यक्ष अव जिल्ला प्रहरी कार्यालयमा मुद्दा दिने तयारी गरेका छन् । घटनाको विषयमा तीन जना वडाध्यक्ष र स्थानीय नेकपा माओवादीका नेताहरुले आपत्ति जनाएका छन्। उनीहरुले छानबिन गरी दोषीलाई कारवाही गर्न माग पनि गरेका छन् । बर्दिबास नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष शमशेर सिंह, ६ का पदमबहादुर आले, ११ पूर्णबहादुर बल र कार्यपालिका सदस्य ऐश्वर्या बम्जन तामाङले संयुक्त विज्ञप्ति जारी गरी कारवाही गर्न माग गरेका छन्।

वडाध्यक्ष साह यसअघि पनि सोही वडाका वडाध्यक्ष थिए । राजीनामा दिइ चुनावमा रहेको समय मल र बीउ वितरण गरिएको थियो । सोही विषयमा स्थानीयले हिसाव माग गर्दा विवाद सिर्जना भएको थियो।

त्यसपछि ती समूहले उनीमाथि हातपात गरेको आरोप छ। हापात गर्नेहरु नेपाली काँग्रेसका नेता चिरञ्जीवि हमाल निकट रहेको बताइएको छ । हमाल नेपाली काँग्रेसबाट नगर प्रमुखमा उम्मेदवारी दिएका थिए । निकै मतान्तरले उनी पराजित भए। अहिले बर्दिबासमा स्वतन्त्र उम्मेदवारी दिएका प्रलाह्द क्षेत्री नगर प्रमुख छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८